म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २७३ मंगलबार १ जेठ २०८१ ने. सं. ११४४ बछलाथ्व 14 May 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## विपन्न विद्यार्थीलाई पोशाक वितरण

हेटौंडा, ३१ वैशाख/हेटौंडा उपमहानगरपालिका-४ नम्बर वडा कार्यालयद्वारा श्रमिक माविमा बालविकासदेखि ५ कक्षासम्मका ६२ जना विद्यार्थीलाई विद्यालय पोषाक टिसर्ट, ट्राउजर, ज्याकेट, जुत्ता प्रदान गरको छ ।

विद्यालयका विपन्न विद्यार्थी छनोट गरी अध्ययनलाई निरन्तरताको लागि पोशाक प्रदान गरिएको ४ नं. वडाअध्यक्ष नवीन सिग्देलले बताए । उनले सामुदायिक विद्यालयको शिक्षालाई सुधार्न आफूले ध्यान केन्द्रित गरेको बताउँदै शैक्षिक सुधार अभियानमा सबैको भूमिका महत्वपूर्ण हुने बताए ।

विद्यालय व्यवस्थापन समिति अध्यक्ष विवेक कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा वडासदस्यहरु गीता त्रिपाठी, जगन्नाथ पाण्डे, व्यवस्थापन समितिका सदस्य रीता दाहाल, विषेश्वरी मलेकु, पिटिए अध्यक्ष राजेन्द्रकुमार बस्ताकोटी, पूर्वविद्यार्थी समाजका अध्यक्ष सुरेश श्रेष्ठ, प्रधानाध्यापक श्रीराम दाहाल, अभिभावकलगायतको उपस्थिति रहेको सहप्रअ गोपिरमण प्याकुरेलले जानकारी दिए ।

# बागमती प्रदेशसभा अवरुद्ध पार्ने कांग्रेसको चेतावनी

साझाकुरा संवाददाता

हेटौंडा, ३१ वैशाख/ बागमती प्रदेशसभाको सोमबारबाट सुरु बजेट अधिवेशनको शुभकामना दिने क्रममा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस आक्रामक देखिएको छ ।

बजेट अधिवेशनको शुभकामना दिन रोष्टममा आएका संसदीय दलका नेता तथा निवर्तमान आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिं लामाले नेपाली कांग्रेसले केन्द्रमै उठाएको सहकारी छानबीन समिति गठनको मुद्दा र मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी विषय निकालेर प्रदेशसभा अवरुद्धको चेतावनी दिएका छन् । लामाले सम्बोधनका क्रममा प्रदेशसभा अवरुद्ध गर्ने चेतावनी पटक-पटक दिए ।



नेपाली कांग्रेसले प्रतिनिधिसभामा पनि रवि लामिछानेमाथि अनुसन्धान माग गर्दै छानबीन समिति गठनको माग राखेर निरन्तर सदन अवरुद्ध गर्दै आइरहेको छ । कांग्रेसको केन्द्रीय मुद्दा बागमतीको कांग्रेसले बोकेको छ । रविविरुद्धको मुद्दाको अलावा हेटौंडा अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गाभ्न खोजिएको विषयलाई कांग्रेसले स्वीकार नगर्ने लामाले बताएका हुन् ।

उनले सहकारी ठगी प्रकरणमा नाम मुछिएका गृहमन्त्री लामिछानेले पदबाट राजीनामा दिएर मार्ग प्रशस्त गर्नुका साथै सरकारले उनीमाथि संसदीय छानबीन गर्नुपर्ने माग गरे । यदि गृहमन्त्री लामिछानेमाथि संसदीय छानबीन नभए प्रदेशसभा पनि चल्न नदिने उनले चेतावनी दिए । 'गृहमन्त्री लामिछाने सहकारी ठगी प्रकरणमा मुछिनुभएको छ । उहाँमाथि संसदीय छानबीन हुनुपर्छ, अन्यथा प्रदेश संसद् पनि नचल्न सक्छ,' उनले भने, 'विनाधितो, विनाजमानी सहकारीबाट करोडौं रकम निकालेर अनियमितता गरेका प्रमाणहरु आइरहेका छन्, उहाँलाई त्यत्तिकै छोड्न मिल्दैन,' ।

आफू प्रतिपक्षमा हुँदा छानबीन हुनुपर्ने, आफू सरकारमा हुँदा नपर्ने भन्ने गृहमन्त्रीको अभिव्यक्ति गैरजिम्मेवार भएको उनले टिप्पणी गरे । यस्तै, कांग्रेस नेता लामाले प्रदेश सरकारले हेटौंडा अस्पतालको सम्पत्तिमा आँखा गाढेको आरोप लगाउँदै हेटौंडा अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञापन प्रतिष्ठानमा गाभ्ने प्रक्रिया तत्काल बन्द गर्न पनि आग्रह गरे । हेटौंडा अस्पताल एउटा स्वयात्त संस्था भएकाले प्रतिष्ठानमा गाभ्ने कुरामा कांग्रेस सहमत नहुने उनले दाबी गरे ।

अधिवेशनको शुभकामना दिन आएका सत्तारुढ दल नेकपा एमालेका प्रमुख सचेतक मधुसुदन पौडेलले कांग्रेसको प्रस्ताव नमान्दैमा गृहमन्त्रीलाई सहकारी प्रकरणमा संसदीय छानबीन गरिहाल्नु नपर्ने बताए । उनले गृहमन्त्री लामिछानेसँग कांग्रेसले रिसइबी साँधेको आरोप पनि लगाए । पौडेलले प्रदेशसभाले गरेको निर्णय कर्मचारीले कार्यान्वयन गरिरहेका छैनन् भन्दै प्रदेशसभा ठुलो कि कर्मचारी ठुलो भन्दै प्रश्न गरे ।

नेकपा एकीकृत समाजवादीका संसदीय दलका नेता कृष्णप्रसाद शर्मा खनालले देश एकपछि अर्को राजनीतिक संकटका कारण देश विकास हुन नसकेको भन्दै सरकारले गर्ने हरेक काम लोकतान्त्रिक हुनुपर्ने बताए । नेकपा माओवादी केन्द्रमा सरल सहयात्री पौडेलले प्रदेशसभाको गरिमा बढ्ने गरी काम गर्नुपर्नेमा जोड दिँदै राजनीतिक संघीयतालाई बलियो बनाएर अगाडि बढ्नुपर्ने बताए ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका संसदीय दलका नेता उद्धव थापाले प्रदेशमा भइरहेको राजनीतिक खिचातानीले संघीयतालाई कमजोर बनाउने काम गरेको बताउँदै राप्रपाको ४० बुँदे मागप्रति सरकारले चासो नदेखाएकोमा आपत्ति जनाए ।

नेपाल मजदुर किसान पार्टीका संसदीय दलका नेता सुरेन्द्रराज गोसाईंले प्रदेशले सन्तुलित विकासका लागि काम गर्नुपर्ने भन्दै वामपन्थीहरु समाजवादी गणतन्त्र स्थापनाको तयारीमा लाग्नुपर्ने बताए ।

### प्रदेश उच्चशिक्षा ऐनसम्बन्धी अध्यादेश पेश

बैठकमा प्रदेश उच्चशिक्षा ऐनसम्बन्धी अध्यादेश पेश गरिएको छ । सामाजिक विकासमन्त्री कुमारी मोक्तानले 'प्रदेश उच्चशिक्षा ऐन, २०७८ लाई संशोधन गर्न बनेको अध्यादेश, २०८१' पेश गरेकी हुन् ।

बागमती प्रदेशसभाको नियमित बस्ने बैठकमा सभामुख र उपसभामुखको अनुपस्थितमा बैठकको अध्यक्षता गर्न पाँचजना प्रदेशसभाका सदस्यहरुलाई मनोनयन गरिएको छ । सभामुख पाठकले प्रदेशसभाका सदस्यहरु क्रमशः उर्मिलाकुमारी लामा, उर्मिला नेपाल, भारतीकुमारी पाठक, ओमकुमारी श्रेष्ठ र लक्ष्मी घिमिरेको नाम सार्वजनिकरण गरेका हुन् ।

यस्तै, बैठकमा सभामुख भुवनकुमार पाठकले प्रदेशप्रमुखको कार्यालयबाट प्राप्त अधिवेशन आह्वानसम्बन्धी पत्र एवम् मन्त्रिपरिषद् विस्तार तथा पुनर्गठन र कार्यविभाजनसम्बन्धी पत्र पढेर सुनाएका थिए । बागमती प्रदेशसभाको अर्को बैठक जेठ १ गते अपरान्ह ३ बजे बस्ने गरी सभामुख पाठकले सोमबारको बैठक स्थगित भएको घोषणा गरे ।

# बाइरोडबाट फलामे बार गायब, चोरी भएको आशंका

साझाकुरा संवाददाता

हेटौंडा, ३१ वैशाख/ हेटौंडा काठमाडौं जोड्ने त्रिभूवन राजपथ (बाइरोड) अर्न्तगत सीमभज्ज्याङ-पालुङ सडक खण्डको सडक किनारमा राखिएको फलामे बार चोरी भएको छ ।



सडक डिभिजन कार्यालय हेटौंडाका निमित्त डिभिजनप्रमुख बिष्णुप्रसाद लामिछानेका अनुसार सीमभज्ज्याङ पालुङ खण्डको सडक किनारमा राखिएको करिब ४० हजार मूल्य बराबरको फलामे बार चोरी भएको हो । '६/७ महिना अघि फलामे बार जडान गर्ने क्रममै चोरी भएको थियो, कार्यसम्पन्न हस्तान्तरण नहुँदा निर्माण कम्पनीले नै ब्यहोर्यो,' लामिछानेले भने, 'त्यसपछि हामीले सूचना पनि जारी गर्‍यौं, चोरी रोकिएको थियो, फेरि चोरी भएको छ ।'

'पछिल्लो समय थोरैथोरै मात्रामा दिनदिनै चोरी भइरहेको छ । स्थानीय तहदेखि प्रहरी प्रशासनलाई पत्राचार गरिसकेका छौं । कसले चोर्‍यो, चोरी गर्ने ब्यक्ति पत्ता लागेको छैन,' लामिछानेले भने । चोरीमा संलग्न ब्यक्तिको खोजी कार्य र फलामे बार सुरक्षाको लागि इलाका प्रहरी कार्यालय पालुङ, थाहा नगरपालिका, जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालय मकवानपुरलाई पत्राचार गरिएको लामिछानेले बताए ।

यो सडक निर्माण भएको करिब ८० बर्ष भन्दा बढी भयो । विं.सं. २०१० मंसिर २६ गते शुक्रबारका दिन तत्कालीन बडा महारानी कान्तिराज्यलक्ष्मीदेवीले थानकोटमा शिलान्यास गरेकी थिइन् । राजमार्ग निर्माणकार्यले २०१३ सालदेखि तीब्रता पाएको थियो । विं.सं.२०१६ सालमा पूर्णरुपमा संचालनमा आएको यो राजपथ नेपालको सबैभन्दा जेठो मानिन्छ ।

अत्यन्त बढी घुम्ती सडक भएको यो राजपथ त्यति सहज मानिदैन । सडक डिभिजन हेटौंडाले सवारी र यात्रुको सडकयात्रालाई सुर क्षित बनाउनका लागि करिब ४ करोड रुपैयाँको लागतमा हेटौंडादेखि पालुङसम्मको सडकको किनारामा फलामे बार राखेको थियो । भारत सरकारको आर्थिक, प्राविधिक सहयोगमा निर्मित त्रिभुवन राजपथ भैंसेदोभानदेखि थानकोटसम्म ७२ माइल लम्बाइ रहेको छ । दुरीको हिसाबले हेटौंडाबाट काठमाडौं जान लामो दुरी भएपनि यो सडक १२ महिना सञ्चालनमा रहन्छ ।

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

# मत्स्यनारायण माविको अध्यक्षमा विष्ट

साझाकुरा संवाददाता

हेटौंडा, ३१ वैशाख/ थाहानगरस्थित मत्स्यनारायण माध्यमिक विद्यालयको अभिभावक भेलाले युवराज विष्टलाई विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा चयन गरेको छ ।

थाहा नगरपालिका-२ मा भएको अभिभावक भेलाबाट ४ जना सदस्य चुनेको थियो । विष्टलाई ३१ बैशाखमा अध्यक्ष पदमा चुनेको हो । समितिले थप दुई सदस्य मनोनित गरेको छ ।

अध्यक्षमा युवराज बिष्टसँगै सदस्यमा सहदेव ढकाल, बिष्णुमाया थिङ, सुधा कार्की, मनोनित सदस्यमा दीपेन्द्रराज प्रधान र मीना थापा रहेका छन् ।

पदेन सदस्यमा वडाअध्यक्ष बमबहादुर सिन्तान, शिक्षक प्रतिनिधि मनोज कार्की र सदस्यसचिव प्रधानाध्यापक बिष्णुहरि ढकाल रहेका छन् ।

वडासदस्य समेत रहेका बिष्टले अध्यक्षमा चुनिएसँगै विद्यालयको शैक्षिक सुधारको निम्ति आफ्नो काँधमा थप जिम्मेवारी आएको बताउदै वडाले घोषणा गरेको शैक्षिक सुधारका कार्यक्रम लागू गर्न आफू तत्पर रहेरको प्रतिक्रिया दिए ।

विद्यालयको प्रगति र विद्यार्थीको शैक्षिक गुणस्तर सुधार गरेर नतिजामा उत्कृष्ट बनाउने नवनिर्वाचित अध्यक्ष विष्टको प्रतिवद्धता रहेको छ ।

# नापी कार्यालय हेटौंडामा मन्त्री श्रेष्ठको निरीक्षण

साझाकुरा संवाददाता

हेटौंडा, ३१ वैशाख/ बागमती प्रदेशका उद्योग वाणिज्य, भूमि तथा प्रशासन मन्त्री प्रकाश श्रेष्ठले नापी कार्यालय हेटौंडाको निरीक्षण गरेका छन् । सोमबार मन्त्री श्रेष्ठले नापी कार्यालयको आकस्मिक निरीक्षण गरेका हुन् ।

निरीक्षणका क्रममा मन्त्री श्रेष्ठले नापी कार्यालयमा आएका जनगुनासो र कार्यालयमा देखिएको समस्याको समाधानमा लागि निर्देशन दिएका छन् । मन्त्री श्रेष्ठले नापी कार्यालयका प्रमुख नापीअधिकृत खिमबहादुर रानालगायत नापी कार्यालयमा कार्यरत कर्मचारीलाई नागरिकलाई दिइने सेवामा कुनै कसर बाँकी नराखी सेवाप्रदान गर्न निर्देशन दिएका हुन् ।

विशेषगरी नापी कार्यालयमा सुशासनको काम नभएको जनगुनासा आउने गरेको हुँदा त्यस कुराको अन्त्य हुने गरी कामगर्न मन्त्री श्रेष्ठले सुझाएका हुन् । त्यस्तै, आगामी दिनमा कार्यालयलाई डिजिटल प्रविधितर्फ लैजान, जनताको समस्या समाधानमा ध्यान दिन आग्रह गर्दै नापी कार्यालयको आवश्यकता र मागलाई आगामी आर्थिक वर्षमा सम्बोधन गरीने प्रतिबद्धता समेत व्यक्त गरे ।

मालपोत र नापी कार्यालय हेटौंडालाई बागमती प्रदेशकै नमूना कार्यालयको रुपमा विकास गर्ने योजना रहेको मन्त्री श्रेष्ठको भनाई थियो । निरीक्षणको क्रममा नापीप्रमुख रानाले हाल कार्यालयमा भए गरेका गतिविधि, भौतिक तथा कार्यालयको विविध विषयमा मन्त्री श्रेष्ठलाई जानकारी दिएका थिए । साथै, कार्यालयका लागि संघीय सर कारबाट बजेटको व्यवस्था नहुने भएको हुँदा आगामी ०८१/८२ को बजेटमा बागमती प्रदेश सरकारलाई आवश्यक बजेटको व्यवस्था गरिदिन आग्रह गरेका थिए ।

Education is the real treasure

ADMISSIONS OPEN FOR 2081

From Nursery to Grade 9



Scholarships

a feature of socially responsible institution ....

Madhav Raj Sumargi Memorial Scholarship based on Entrance Tests 189+Seats

Rup Chandra Bista "Thaha" Memorial Scholarship based on Students' Talent 108+Seats

Bishwakanti Kalawati Sumargi Scholarship based on Students' Rank 39+Seats

Hurry Up !

Seats are limited
Book your seat on time

25 Years of Excellence in Education
Celebrating Silver Jubilee

HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547

www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरूः

☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालयः
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौंडा-५, पिप्ले, मकवानपुर

सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# कस्तो सीप विकास गर्ने ?

वर्ष २०८१ लाई सीप विकास वर्ष घोषणा गरेको युवाको साझासवालको सम्बोधनका लागि युवामा लगानी प्रवर्द्धन गर्नुपर्ने मागसहित १३ बुँदे घोषणापत्र जारी गर्दै प्रदेश युवा सम्मेलन सकिएको छ । बागमती प्रदेशका सबै स्थानीय तहको योजना, नीति, कार्यक्रम र बजेट निर्माण तथा कार्यान्वयनमा युवाको अर्थपूर्ण र प्रभावकारी सहभागितामार्फत् युवामैत्री स्थानीय तहको प्रवर्द्धन गर्नुपर्ने माग सम्मेलनले गरेको छ । सम्मेलनपछि जारी घोषणापत्रमा युवाका सवालमा बागमती प्रदेशसँग सम्वन्धित विशेष अध्ययन, अनुसन्धान तथा तथ्यांक अद्यावधिक तथा सार्वजनिकसेवामा डिजिटल गभर्नेन्सको अभ्यासमार्फत् युवाको पहुँच विकासको माग गरिएको छ । बागमतीमा सबल, सक्षम, सशक्त र सीपयुक्त युवा तयार गर्ने सोचसहितको अभियानलाई प्रभावकारी कार्यान्वयन गर्ने स्पष्ट लक्ष्य तथा कार्ययोजना तय गरिएको घोषणापत्रमा दाबी गरिएको छ । प्रदेशभरका पाँच हजार जनालाई सीप सिकाउने लक्ष्यसहित परिषद् हेटौंडाले आइतबार यस वर्षलाई सीप विकास वर्ष घोषणा गरेको हो ।

यो वर्षको एक महिना बितिसकेको छ । सीप विकास वर्षको मोडालिटीका बारेमा कुनै बहस भएको छैन । युवापुस्तालाई कस्तो खालको सीप चाहिएको छ भन्ने विषयमा ब्यापक छलफल हुनु जरुरी थियो । सीप भन्ने कुरा विद्यालय तहबाटै विकसित गर्दै लैजानसकेको खण्डमा अझै प्रभावकारी हुन्छ । १० कक्षासम्म अध्ययन गरेको विद्यार्थी आफ्नो अभिभावकसँग खेतबारीमा काम गर्न रुचाउँदैन । सहरी क्षेत्रका अझ कोर एरियाका बालबालिका धानको बोट कस्तो हुन्छ भनेर सोध्ने खालका छन् । धानमकैको बोट कत्रो हुन्छ भनेर सोध्ने युवा र गाउँघरमा खेतीपाती, पशुपालन गरेर निर्वाहमुखी भएका युवालाई दिने सीप फरक हुन्छ । घोषणापत्रमा नेपालमा जनसांख्यिक लाभका रुपमा युवाको वर्तमान जनसंख्या देश समृद्ध बनाउने उपयुक्त अवसरका लागि उपयोग गर्न सरकारको ध्यानाकर्षण गराइएको छ । जनसांख्यिक लाभलाई देशको समृद्धिको आधार बनाउनै पर्दछ भनेर घोषणापत्रमा उल्लेख गरिएको छ । युवाका लागि सूचनाप्रविधीमा पहुँच, क्षमता विकास, सीप विकास, युवाले नेतृत्व गरेका संस्थाको संस्थागत सवलीकरण, संजालीकरण र युवाका साझासवालको सम्बोधनलगायत सवालमा परिषद् तथा जिल्ला युवा समिति र स्थानीय तहको समेत थप क्रियाशील बनाउन माग गरिएको छ ।

बागमती प्रदेश युवा परिषद् ऐन २०७६, नियमावली २०७७, प्रदेश युवा नीति २०७९ को प्रभावकारी कार्यान्वयन गर्दै बागमती प्रदेशका युवाको चाहना र आवश्यकताको सम्वोधन गरिनुपर्ने, कला, संस्कृत्ति, पुरातत्व र ऐतिहासिक तथा प्राकृत्तिक क्षेत्रको पहिचान, अभिलेखीकरण, संरक्षण र प्रवर्द्धनमा युवाको सहभागिता सुनिश्चित गर्न माग गरिएको छ । परिषद्ले संचालन गरिरहेको युवाको सीप विकास तथा सीप परीक्षणलाई अझ प्रभावकारीरुपमा कार्यान्वयन गर्दै प्रदेशका सबै युवामाझ पुऱ्याउनु पर्ने, युवामा रोजगारी, स्वरोजगारी र उद्यमशीलता प्रवर्द्धनका लागि प्रदेश सरकारले गरेको सीप विकास वर्ष २०८१ घोषणाको निर्णयलाई परिषद्को नेतृत्वमा प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने माग गरिएको छ । विश्वमा बढ्दै गईरहेको सामाजिक तथा मानवीय जटिलता, पर्यावरणीय असन्तुलन र सामाजिक, आर्थिक तथा वातावरणीय पक्षलाई ध्यानमा राखी सन् २०३० सम्ममा पुरा गर्नका लागि तय गरिएका दिगो विकासका लक्ष्यको कार्यान्वयन, आर्थिक, सामाजिक, वातावरणीय पक्षको सहनयोग्य, संभाव्य र दिगो विकासका लक्ष्यको स्थानीयकरण र कार्यान्वयन गर्नुपर्ने दायित्व युवामा रहेको बताइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ जेठ २ गते बुधबार १५ मे २०२४ । सप्तमी, बैशाख शुक्लपक्ष । बछलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:१७, सूर्यास्त ६:४५ । अन्तर्राष्ट्रिय परिवार दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : नचिताएको काम सम्पन्न हुनेछ | तुला | : यात्राबाट नोक्सान हुनेछ |
| वृष | : मिहिनेतको फल मिल्नेछ | वृश्चिक | : घाउचोट लाग्न सक्नेछ |
| मिथुन | : स्वास्थ्यमा खराबी आउनेछ | धनु | : जग्गा जमिनबाट लाभ हुनेछ |
| कर्कट | : शुभ कामको संकेत मिल्नेछ | मकर | : सोचेभन्दा बढी खर्च हुनेछ |
| सिंह | : शरीरमा केही आलश्य हुनेछ | कुम्भ | : मित्रतामा कमी आउनेछ |
| कन्या | : सफलता मिल्न गाह्रो छ | मीन | : कामको जिम्मेवारी बढ्नेछ |

# नासाको परिकल्पनामा स्थापित राष्ट्रिय आविष्कार केन्द्र



✍ केशव अधिकारी

संयुक्त राज्य अमेरिकाका तत्कालीन राष्ट्रपति जोन एफ क्यानेडीले एउटा दृढ प्रतिज्ञा गर्दै चन्द्रमामा रकेट पठाएर त्यसको बारेमा अनुसन्धान गरेरै छोड्ने अडान लिए । फलस्वरुप सन् १९६९ को जुलाई महिनाको २० तारिखका दिन यानमा चढेर चन्द्रमामा पुगेका निलआर्म स्ट्रङले चन्द्र धरातलमा मान्छेको प्रथम पाइलो टेक्न सफल भए ।

चन्द्र धरातलमा अन्तरिक्ष यात्रीले पाइला टेक्दै गरेका बेला अमेरिकी राष्ट्रपति क्यानेडी भन्दै थिए, 'अन्तरिक्ष यात्री निलआर्म स्ट्रङले टेकेको पाइलो मान्छे स्वयंका लागि एउटा सानो पाइलो मात्र हो तर सिंगो मानवजातिका लागि ठूलो फड्को हो ।' यसरी ठूलो फड्को मार्ने क्रममा अमेरिकामा रहेको नासा भन्ने वैज्ञानिक अनुसन्धान संस्थाले विकास गरेको अन्तरिक्ष यानले चन्द्रमामा मात्र मान्छेको पहिलो पाइलो टेकाएर नपुगी चन्द्रमाभन्दा हजारौं गुनाको दूरीमा रहेको मंगल ग्रहमा समेत यान पठाउने र त्यो पनि दुई-दुईपटक पठाउने काम गरिसकेको छ ।

यसरी दुईपटक पठाएका यानहरुलाई त्यहीँ अवतरण गरेर राखिएका हुनाले त्यहाँबाट विभिन्न सूचनाहरु लिएर समेत फाइदा उठाइरहेको मात्र होइन कि निकट भविष्यमा मानवसहितको यान मंगल ग्रहमा पठाउने तयारीमा अमेरिका र नासा लागिपरेका छन् । यदि त्यो कार्य सफल भएको खण्डमा केवल अमेरिका र नासा मात्र होइन कि संसारको मानवजातिको उन्नतिको सिँढी चढेको दिन हुनेछ । हल्लामा जे र जस्ता कुरा भनिए पनि मानवसहितको अन्तरिक्ष यान अमेरिकाले मंगल ग्रहमा सफलतापूर्वक कहिले पठाउला ? भनेर पर्खनुपर्ने अवस्थामा हामी रहेका छौँ ।

संसारले गरेका अनेकौँ क्षेत्रका वैज्ञानिक प्रगति देखेर प्रभावित भए पनि आफ्नो देशमा भने विगतमा खोलिएका उद्योगधन्दासमेत बन्द हुन पुगेका, सुहाउँदो रोजगारीको अभावमा युवावर्ग भौँतारिँदै विदेशतिर लागेका, नेपाललाई कृषिप्रधान देशको उपनामले पुकारिए पनि धेरै खेतबारी बाँझै रहेका, राजनीति र प्रशासनका क्षेत्रमा व्यापक अनियमित काम हुन जानाले देशको अवस्था लथालिंग-भताभुंग हुन पुगेको कारुणिक अवस्था सिर्जना भएको छ ।

यस अवस्थामा स्वदेश र स्वदेशी जनताको अवस्थाप्रति धेरै नेपालीले चिन्ता प्रकट गरेको सुन्न, देख्न र भोग्नसमेत पाइन्छ । नेपालको यसै दुरावस्थाबाट प्रभावित भएका एक पात्र महावीर पुन पनि हुन् । उनी वि.सं. २०११ सालमा म्याग्दी जिल्लाको नागी गाउँमा जन्मेका र पछि अमेरिकाको नेब्रास्का विश्वविद्यालयमा छात्रवृत्तिमा पढेर नेपाल फर्केका व्यक्ति हुन् । यदि उनी अमेरिकमा नै बसेर सुखसयलको जीवन जिउन चाहेका भए पनि सक्ने थिए, तथापि उनलाई स्वदेशको ममताले यति बलियोसँग समात्यो कि त्यही ममताका कारण नेपालका बेरोजागार युवा जनशक्तिलाई उपयुक्त रोजगारी दिएर कसरी स्वदेशमै राख्न सकिन्छ भन्ने ध्याउन्नमा लागे ।

पहिले त यो अभियान आफ्नै गाउँ नागीबाट थालनी गरेका थिए । अहिले आएर काठमाडौँको कीर्तिपुरमा रहेको त्रिभुवन विश्वविद्यालयको हाताको खाली स्थानमा राष्ट्रिय आविष्कार केन्द्रको स्थापना गरेर त्यसलाई सञ्चालन गर्ने कामसमेत गरेका छन् । त्यस केन्द्रले जुनसुकै क्षेत्रका प्रतिभावान् नेपालीले नि:शुल्क खाना, बास र आवश्यक सामग्री पाउने व्यवस्था गरिएको छ । त्यति मात्र होइन कि महावीर पुनकै प्रयासमा निकै वर्षअगाडिदेखि बन्द अवस्थामा रहेको वीरगन्ज औजार कारखानासमेत पुन: चालू गर्न थालिएको छ । त्यस कारखानाले केही कृषि औजार उत्पादनसमेत गर्न थालिसकेको छ ।

कुनै पनि संस्था अथवा उत्पादन गरिने कारखानाबाट पर्याप्त उत्पादन भएर सञ्चालन गर्न सकिने गरी नाफा नकमाउँदासम्म पनि त्यसको सञ्चालनको लागि स्तरअनुसारको आर्थिक लगानी आवश्यक पर्दछ । महावीर पुनले स्थापना गरेको राष्ट्रिय आविष्कार केन्द्रमा पनि करिब एक दर्जनभन्दा बढी प्रतिभाहरु विभिन्न क्षेत्रको अनुसन्धानमा जुटिरहेका छन् । तिनीहरुलाई खुवाउन र आवश्यक पर्ने सामग्री जुटाउनका लागि मासिक लाखौँ रुपियाँ लगानी गर्नुपर्ने हुन्छ । त्यही आर्थिक उपार्जनको लागि यस केन्द्रका संस्थापक प्रमुख महावीर पुन आफैँले लेखेको सम्झना, सपना र अविरल यात्रा नामको पुस्तक बेच्न हरेक जिल्लाको हरेक दुर्गम गाउँमा समेत पुग्दै र आम जनतालाई अनुरोध गर्दै छन् ।

आम नेपालीले पनि निकै उत्साह, हौसला र खुशीका साथ उनको पुस्तक किनिदिएर हरसम्भव प्रयास गरिरहेका छन् । हामी सबैले पनि उनको पुस्तक किनिदिएर आविष्कार केन्द्रलाई सहयोग गर्न सक्छौँ । एउटा दुर्गम जिल्लाको विकट गाउँमा जन्मेर यति महान् सोचका साथ नेपाली जनता (विशेष गरी युवावर्ग) लाई स्वदेशमै रोक्नका खातिर अहोरात्र नि:स्वार्थ भावनाले खट्ने मान्छे यो जमानामा पाउनु हामी सबै नेपालीका लागि ठूलो सौभाग्यको विषय हो । महावीर पुनजस्तै नि:स्वार्थ भाव भएका र देश अनि जनताका लागि अहोरात्र खट्न सक्ने हजारजना मान्छे भइदिए कति जाती हुने थियो होला । हाम्रो देश पनि संसारका विकसित देशको दाँजोमा केही वर्षमा नै आउने थियो होला । हामी पनि सुखी र खुशी नेपाली जन भनेर चिनिने थियौँ होला ।

कुनै पनि देशको सरकार भनेको त्यस देशका आम जनताको अभिभावक संस्था हो । एक-एक व्यक्तिले कठोरताका साथ गर्न खोजेका कुनै पनि काम सरकारले सजिलै र सहजसँग गर्न सक्छ । यसको खास कारण व्यक्ति वा एक्लो नागरिको तुलनामा राज्य वा सरकारसँग जनशक्ति, पूँजी सबै कुरा पर्याप्त हुन्छ । देशका नागरिक एक-एकले सहयोग गरेर भए पनि व्यक्तिको तुलनामा राज्य बलियो, शक्तिशाली र धनी हुने हुन्छ । त्यसैले व्यक्तिले थालेका वा स्थापित गराएका अनि देश र जनताका लागि सकारात्मक प्रतिफल दिन सक्ने कुनै पनि संघसंस्थालाई व्यक्तिले जुन पवित्र भावना वा सोचाइले अनेक अड्चन सहेर सञ्चालनमा ल्याउन सकेको वा स्थापित गराउन सकेको थियो त्यसमा कुनै पनि नकारात्मक आँचको गन्ध आउनै नदिएर सञ्चालन र स्थापित गर्ने प्रयास गरिनु सरकार स्वयंको दायित्व हो ।

महावीर पुन स्वयंको पहलमा स्थापना गरिएको राष्ट्रिय आविष्कार केन्द्रको भविष्य उज्यालो छ । त्यस केन्द्रबाट विभिन्न क्षेत्रका वैज्ञानिकहरु उत्पादन हुनेछन् । सियो पनि नबन्ने भन्ने भनाइ रहेको हाम्रो देशले विभिन्न यातायातका साधनहरु जस्तै- मोटरसाइकल, गाडी आदिका साथै हेलिकोप्टर, हवाईजहाजसमेत आफ्नै देशमा उत्पादन गर्न सक्ने जनशक्ति उत्पादन हुनेछन् । त्यति मात्र होइन, अन्तरिक्षको खोज-अनुसन्धानमा लाग्नेछन्, आधुनिक कृषिको क्षेत्रमा लागेर हामी स्वयं खाद्यान्नमा आत्मनिर्भर हुने प्रयास गर्नेछौँ । पहाडी क्षेत्रका अग्ला भीरलाई बन्जी जम्पको हब बनाउनेतिर कोही युवाको ध्यान जानेछ । यसरी राष्ट्रिय आविष्कार केन्द्रको स्थापनाले गर्दा हाम्रो देशको विभिन्न क्षेत्रको विकासको गतिले तीव्रता लिँदै जाँदा क्रमश: हाम्रा परनिर्भरताहरु हट्दै गएर आत्मनिर्भरताको बाटोतिर लाग्न सकिनेछ ।

महावीर पुनको सक्रियतामा स्थापना भएको यस आविष्कार केन्द्रको भविष्यको योजना भनेको अमेरिकाको नासाको योजनाजस्तै हो । स्थापना भएको छोटो समयमा ठूला सपना देख्न नसके पनि भविष्यमा गएर निकै महान् कर्ममा सफलता हासिल गर्न कामयावी बन्नेछ । यो कुरा किन ठोकुवाका साथ भन्न सकिन्छ भने, यसले आम नेपाली जनताका साथै धेरैजना विदेशीको ध्यानसमेत तान्न सफल भएको छ । संस्थापक व्यक्तित्व महावीर पुनले आफ्नो पुस्तक सम्झना, सपना र अविरल यात्रामा आफ्नो जीवनको अवसानपछि यस संस्थाको उत्तराधिकारको जिम्मा नेपाल सरकारले लिनुपर्ने कुरा बताएका छन् । उनले यति धेरै दौडधूप गरेर सञ्चालनमा आएको आविष्कार केन्द्रको उत्तराधिकारी सरकार स्वयं बनिदिएर पुनले देशका युवाको प्रतिभा फस्टाउने र हरेक क्षेत्रको वैज्ञानिक उन्नति हुने कुरा राखेका छन्, त्यो वास्तवमा सही आँकलन हो ।

नेपाली राजनीतिको क्षेत्रबाट प्रायजसो कहिल्यै पनि देशभक्त नेतृत्व सत्तामा आएको र देशको भलाइ हुने काम नि:स्वार्थ भावले गरेको अनुभव नेपाली जनताको मनमा कहिल्यै अनुभूत हुन पाएको छैन । अब पनि कति समयसम्म यसरी नै चलिरहने हो भन्ने कुराको केही निश्चितता छैन । २००७ सालमा आएको भनिएको प्रजातन्त्र कालका नेताले राणा शासकको शान, शौकात हेरेर आफ्नो जीवनको मोडलाई पनि ऐयासी जीवनको बचाइतिरै धकेलेर लगे । त्यसपछिका उनीहरुका चेलाहरुमध्ये कोही पनि त्यागी नेताको रुपमा चिनिन तदनुसारका कर्म गर्न नसकेको तीतो अनुभव नेपाली जनताले गर्नुपरेको छ । हालकै परिवेशको कुरा गर्ने हो भने पनि देश र जनताको भलाइका लागि भन्दा आफ्ना स्वार्थका लागि मरिमेट्ने खालको नेतृत्वले देश हाँकिरहेको अवस्था छ । यस्तो विषम परिस्थितिमा बिचरा महावीर पुनको जीवन रहँदासम्म राष्ट्रिय आविष्कार केन्द्र पनि जीवित रहेर विभिन्न क्षेत्रका अनुसन्धानमा सफलता हासिल गर्दै लैजाला । तर उनको जीवनको अवसानपछि यो फस्टाउँदै जाने क्रम यथावत् रहला कि नरहला भन्ने कुरामा निश्चिन्त हुने ठाउँ छैन ।

महावीर स्वयंले उक्त संस्था सञ्चालनका लागि सहयोग माग्दा होस् कि संस्था दर्ता गराउनका लागि पहल गर्दा होस्, ती कालखण्डमा भोग्नुपरेका पीडाको फेहरिस्त सुन्नुपर्दा वर्तमान सरकार पनि अनुसन्धान केन्द्रप्रति सद्भाव राख्नेवाला छ जस्तो अनुभव हुँदैन । बरु त्यसको साटो सरकारले विभिन्न कुनामा कमिसन खानुपर्ने भाँडो बनाउने हो कि भन्ने चिन्ता छ । यो केन्द्र उकासिनुको साटो असहाय भई वीरगन्ज औजार कारखानाकै हालतमा जान्छ कि भन्ने चिन्ता र चासो हरेक नेपालीलाई लागेको छ । यदि लगानी गरेर सञ्चालनमै आए पनि संस्थापक व्यक्तित्व महावीर पुनले जुन पवित्र हेतुले स्थापना गरेका थिए त्यो पवित्र हेतुको स्थानमा खराब हेतुले सञ्चालन गरियो भने पनि त्यसको स्थापनाले केही अर्थ राख्नेछैन ।

आखिर देशको मूल नेतृत्वमा सिर्जनशील सोचको आगमन भई सकारात्मक सोचले काम हुन थाल्यो भने राष्ट्रिय अनुसन्धान केन्द्र पनि अमेरिकी वैज्ञानिक संस्था नासाको लहरमा पुगेर काम गर्न सक्छ । स्वार्थले भरिएको नेतृत्व आएमा बेवारिसे बनेर आफ्नो अस्तित्व बिस्तारै नामेट पार्दै जानेछ । सबैले सद्भावका साथ सोचौँ, यो अनुसन्धान केन्द्र सफल हुँदै गएर विभिन्न क्षेत्रका वैज्ञानिक प्रतिभा उत्पादत गर्नेछ । अब केवल स्वदेशी प्रतिभा मात्र नभएर अमेरिकी नासाले जस्तै यस आविष्कार केन्द्रले पनि विदेशी प्रतिभालाई समेत आकर्षित गरी वैज्ञानिक क्षेत्रमा कामयावी बनाएर फाइदा लिन समर्थ्यवान् हुनेछ ।

*(साभार: नेपाल समाचार-पत्र)*

# ३ हजार सहकारीमा समस्या, १८ हजार माथि प्रश्न

✍ रामचन्द्र उप्रेती

अहिले सहकारी भन्ने बित्तिकै जनमानसमा तरंगित हुने भावना दुई प्रकारको छ । पहिलो, जो सहकारीमा आवद्ध भएर आफ्नो जीवनमा सहजता आएको अनुभूति गरेका छन्, उहाँहरू सहकारीप्रति सकारात्मक धारणा राख्नुहुन्छ । उहाँहरू सहकारी चाहिन्छ, आवश्यक छ, सहकारी जोगाउनुपर्छ भन्ने ठान्नुहुन्छ । सहकारीलाई माया गर्नुहुन्छ । सहकारीका नराम्रा खबरले यस्ता मानिसलाई चिन्तित बनाएको छ ।

दोस्रो, जसले सहकारीमा राखेको आफ्नो बचत गुमाउनुभएको छ उहाँहरू सहकारीप्रति आक्रोशित हुनुहुन्छ । उहाँहरू सञ्चालक फरार भएको, सहकारीले पैसा फिर्ता नगरेको र फिर्ता पाउने कुराको निश्चित पनि नभएको अवस्था सिर्जना भएपछि सरकार गुहार्न पुग्नुभएको छ । उहाँहरूलाई लागेको छ यस्ता ठग सहकारीहरू खोल्न दिएर सरकारले गल्ती गरेको छ ।

उहाँहरूको बुझाइमा हाम्रो दु:खले आर्जेको पैसा जोखिममा छ । अत: सरकारले नै यसको जिम्मा लिएर बचतकर्ताको पैसा फिर्ता गर्नुपर्छ । उहाँहरूमध्ये कति त हामी ठगियौं अब अरूले ठगिनु नपरोस् भनेर सहकारी चल्नै दिनुहुँदैन भन्नेहरू पनि हुनुहुन्छ । सहकारीमा देखिएको यो सङ्कटमा पनि केही राम्रो काम भएको छ । एउटा ठूलो र सकारात्मक काम भनेको सहकारी शिक्षाको व्यापक विस्तार भएको छ । अझ माननीय गृहमन्त्री रवि लामिछाने र कान्तिपुर मिडिया ग्रुपको जुहारीले सहकारीमा कसरी ठगी भएको छ, टाठाबाठा भनिने धूर्तहरूले सहकारीको रकम कसरी दुरुपयोग गरेका छन् भन्ने छर्लङ्ग पारेको छ ।

माननीय रवि लामिछानेले कर्जा लिएका सहकारी एक-दुई वटा होलान् तर बचतकर्ताको पैसा फिर्ता नगर्ने सहकारी त देशभर हजारभन्दा बढी छन् । सहकारी पीडितको संख्या दशौं हजारमा छ । रवि लामिछानेले तिर्न बाँकी वा सहकारीबाट लिएको कर्जा केही करोड होला तर सहकारीमा बचतकर्ताको जोखिममा परेको रकम दशौं अर्बमा छ । देशको अब्बल ठानिएको मिडियाले सहकारी पीडितको आवाज बोल्नुपर्थ्यो, बोल्यो । तर माननीय गृहमन्त्री रवि लामिछाने यो जिम्मेवारीमा नभएको भए र रवि लामिछाने र मिडिया ग्रुपको सम्बन्ध नबिग्रिएको भए सहकारी ठगीको यो समाचारले यतिको प्राथमिकता पाउने थिएन ।

खास समयसम्म सो मिडिया ग्रुपका सबै सञ्चारमाध्यम झण्डै २५ प्रतिशत समाचार सहकारी ठगी र माननीय रवि लामिछानेको सेरोफेरोमा रहे । यसले गृहमन्त्री लामिछानेलाई कति नोक्सान भयो र सो मिडियालाई कति फाइदा भयो त्यसको हिसाब उनीहरू नै गरुन् । तर यो द्वन्द्वले सहकारीको राम्रै गोडमेल गरेको छ । समस्यालाई उत्खनन् गरी सतहमा ल्याएर सबैसामु छर्लङ्ग पारेको छ । बचत तथा ऋणको कारोबार गर्ने ठूला भनिएका धेरै सहकारीमा जम्मा भएको सदस्यको रकम अपचलनको मोडल यही हो । जो सहकारीका हर्ताकर्ता थिए वा छन् आफ्नो कम्पनी वा आफ्नो व्यवसायमा यसरी नै सहकारीको रकम झिकेर लगानी गरेका थिए र छन् ।

सहकारीको पैसा कम्पनीमा लगानी गर्न सहकारी कानुनले अनुमति दिँदैन । जब कम्पनीमा लगानी गरेको रकम डुब्यो वा लगानी गरेको व्यवसाय डुब्यो तब सहकारी पनि डुब्यो । किनकि यस्ता लगानीमा धितोको व्यवस्था गरिएको छैन वा नाममात्रको धितोको व्यवस्था भएको छ । त्यसैले सहकारी डुब्ने प्राय: निश्चित छ । सहकारी डुब्दा बचतकर्ताको पैसा डुब्यो । यो पहिलो र खतरनाक समस्या हो । यसमा डुबेको पैसा फिर्ता हुने सम्भावना एकदमै न्यून छ । मौजुदा कानुनले यस्ता कम्पनीलाई सीमित दायित्व भएको कम्पनीको सुविधा दिएको छ ।

दोस्रो समस्या भनेको पर्याप्त धितो लिएर लगानी गरेको रकम पनि विभिन्न कारणले समयमा असुली हुनसकेको छैन । बचतकर्ता एकै पटक फिर्ता लिन आउँदा सहकारीले फिर्ता गर्न सकेन । यो खालको समस्यामा परेका सहकारीले समय लिएर भए पनि अलि ढिलोचाँडो सदस्यको बचत फिर्ता गर्ने सम्भावना छ ।

यी सबै खालका समस्यालाई सतहमा ल्याउने काम गर्ने मिडिया लगायत सबैलाई धन्यवाद छ । यसले तीस वर्षमा बुझ्न नसकेको सहकारी बुझाउने काम गरेको छ । देशभरिमा अस्तित्वमा रहेका सहकारीको संख्या करिब ३० हजार मान्ने हो भने बढीमा २ हजार जति समस्यामा परेका हुनसक्छन् । ८-१० हजार जति झोलामा हुनसक्छन् । बाँकी करिब १८ हजार सहकारी अहिले पनि चुपचाप समुदाय र आफ्ना सदस्यको सेवामा काम गरिरहेका छन् ।

समस्यामा परेका सबै सहकारीका केही मिल्दाजुल्दा चरित्र छन् । ती छोप्न सकुन्जेल छोपिए र छोप्न नसकेपछि क्रमश: बाहिर आउँदैछन् । समस्यामा परेका सहकारीका मूलत: दुई प्रकार का समस्या छन् । पहिलो, सञ्चालकहरूले आफैं मनमौजी पैसाको अपचलन गरेका र दोस्रोमा सहकारीले कर्जा लगानी गर्दा पर्याप्त ध्यान दिन नसक्दा लगानी गरेको कर्जा जोखिममा परेर असुलीमा समस्या भएपछि सहकारीले पैसा फिर्ता गर्न नसकेको अवस्था ।

सहकारी सञ्चालकले आफैं मनमौजी पैसा चलाएकाहरूको हकमा त्यस्ता सञ्चालकको सम्पत्ति रोक्का, लिलाम वा बेचबिखन गरेर बचतकर्ताको पैसा फिर्ता गर्ने उपाय लगाउनुपर्छ । आवश्यक परे कानुनमा संशोधन गर्नुपर्छ । सहकारीले कर्जा लगानी गरेको रकम उठाउन समस्या भएको र पैसा फिर्ता गर्न नसकेको हकमा कर्जा असुलीमा सरकारको सहयोग हुनुपर्छ । ऋण लिनेलाई जिम्मेवार बनाउनुपर्छ । यसरी समस्यामा परेका सहकारीको हकमा समाधानको बाटो अपनाउन सकिन्छ ।

तर, सहकारीबाट पैसा लगेर व्यवसायमा लगानी गरेका सञ्चालक वा ऋणीको व्यवसाय नै डुबेको रहेछ भने के गर्ने ? जस्तै, 'ग्यालेक्सी फोर के' टेलिभिजन पनि एक व्यवसायको रूपमा सञ्चालनमा थियो । त्यो डुब्यो । यस्ता धेरै परियोजना समस्यामा परेका वा डुबेका छन् । परियोजना डुब्नुका अनेक कारण होलान् । ती डुबेका कति परियोजना र ऋणीको धितो कमसल होला वा धितो नै नहोला । यस्तोमा समस्या थप जटिल बन्न सक्छ । बचतकर्ताको पैसा फिर्ता पाउने सम्भावना टाढिँदै जान्छ ।

यसरी सहकारीको रकम नियम विपरीत अपचलन गर्ने, लगानी गर्ने, ऋण लिएर नतिर्नेलाई कारबाही गर्न र जेल हाल्न सकिएला तर पैसा फिर्ता गराउन सकस छ । सहकारीमा जम्मा गरेको पैसा सहकारीबाटै फिर्ता गर्ने उपाय असफल भएमा यस्तो रकम नेपाल सरकारले आफ्नो ढुकुटीबाट तिर्ने वैधानिकता र सामर्थ्य दुवै राख्दैन । बचतकर्ताको पैसा डुब्छ । सहकारीमा राखेको पैसा डुब्नु व्यावहारिक घटना हो । यसको सैद्धान्तिक पक्ष भनेको सहकारीप्रतिको बुझाइमा रहेको त्रुटि हो । सहकारीलाई बैंक बुझ्ने भूल ठूला बचतकर्ताले गरेका छन् । ठूला बचतकर्ता ब्याजको लोभमा परेका छन् । साना बचतकर्ता दैनिक जम्मा गर्न सजिलो भएको र अलिअलि गर्दै अलि ठूलो बचत गर्न सकिने कारणले सहकारीमा बचत गर्न लोभिएका हुन् ।

यी दुवै प्रकारका बचतकर्ताले आफूले कस्तो संस्थामा कारोबार गर्दैछु भनेर बुझ्न चाहेको देखिँदैन । सहकारीले आफ्ना सदस्यलाई विश्वासमा लिने काम गरेको देखिँदैन । सहकारी सञ्चालकले सहकारीको मर्म र उद्देश्यअनुरूप काम नगरेको, सहकारीलाई ठीक तरिकाले नबुझेको, बुझ्न कोसिस नगरेको, लहलहैमा सञ्चालकमा बसेको जस्ता कमजोरी समस्यामा परेका सहकारीमा देखिन्छ । यस्ता समस्यामा परेका सहकारीमा केही थान सञ्चालक वा कर्मचारीको बोलवाला भएको देखिन्छ । संस्थागत निर्णय नाममात्रको हुने गरेको पाइन्छ । निष्क्रिय सञ्चालक भत्ता बुझ्न मात्रै उपस्थित भएको देखिन्छ ।

सहकारी समस्याको वर्तमान अवस्थाको उज्यालो पक्ष पनि छ । अहिले सहकारीका समस्याका बारेमा जुन प्रचार र चर्चा छ त्यसलाई हेर्दा र सुन्दा नेपालमा कुनै पनि सहकारी संस्था नटिक्नु र नचल्नुपर्ने हो । सबै सहकारी बन्द हुनुपर्ने हो । प्रचार सुन्दा यस्तो लाग्छ सहकारी भनेका बचतकर्तालाई ठग्न, झुक्याउन मात्रै खोलिएका हुन् । तर, वास्तविकता त्यस्तो छैन । गाउँदेखि शहरसम्म नै धेरै सहकारीहरू यो प्रतिकूलतामा पनि ठिङ्ग उभिएर आफ्ना सदस्यको विश्वास जितेर काम गरिरहेका छन् । अझै सशक्त बनेका छन् । सदस्यकेन्द्रित र समुदायकेन्द्रित सहकारीमा समुदाय र सदस्यको भरोसा एवम् विश्वास बढेको छ ।

यो सङ्कटले के सङ्केत गरेको छ भने सहकारी सदस्य र समुदायकेन्द्रित भएर सञ्चालन हुँदा बैंकले भन्दा राम्रो सेवा दिन सक्छन् । समुदाय र सदस्यको सुख-दु:खको साथी बन्न सक्छन् । वित्तीय जोखिम धान्न सक्षम हुन्छन् । धेरै सहकारीले यो सङ्कटमा पनि राम्ररी काम गर्न सक्नुले यो प्रमाणित गरेको छ ।

खराब नियत राखेर सहकारीमा आएकाहरू यो सङ्कटमा सकिने छन् या सच्चिने छन् । सहकारीलाई बैंक बुझ्ने, ब्याजको लोभमा पैसा राख्नेहरूले चेतेका छन् । बुझ्दै नबुझी, सहकारीका सञ्चालक नै नचिनी, संस्थाको कार्यालय नै नदेखी सजिलो भयो भन्दैमा खुरुखुरु पैसा राख्नेहरू पनि घाइते भएर सिकेका छन् ।

*(साभार: अनलाइनखबर)*

# फेरि पनि प्रधानमन्त्री बन्ने आशमा माधव नेपाल



काठमाडौं / सत्ता समीकरणमा देखिइरहेको अस्थिर राजनीतिक घटनाक्रमका बीच नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल फेरि गठबन्धन परिवर्तन भए आफू प्रधानमन्त्री बन्न सक्नेमा आशावादी देखिएका छन् ।

आगामी जेठमा हुन लागेको पार्टीको पहिलो महाधिवेशनको तयारीमा जुटेको एकीकृत समाजवादीका अध्यक्ष नेपालले छलफलका लागि सोमबार स्थायी समितिमा प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमा वर्तमान गठबन्धन छाडेर कांग्रेससँग सहकार्य गर्नसक्ने स्पष्ट संकेत गरेका छन् ।

नेता नेपालले नेकपा एमाले र माओवादी केन्द्रसहितको वर्तमान सत्ता गठबन्धनलाई तत्कालीक राजनीतिक पारिस्थितिको उपजबाट बनेको राजनीतिक समीकरण र सहकार्यको संज्ञा दिँदै यो जुनकुनै बेला परिवर्तन हुने प्रतिवेदनमा उल्लेख गरेका छन् ।

'यो समीकरण वर्तमान संसदको संरचना अनुसार सरकार निर्माण र सञ्चालनका निम्ति बनाइएको हो । यो दीर्घकालीन होइन तत्कालीक राजनीतिक सहकार्य मात्र हो । त्यसैले तत्कालीक राजनीतिक परिस्थिति बदलियो भने यस्तो तत्कालीक राजनीतिक समीकरण वा सहकार्य पनि बदलिन सक्छ',उनको राजनीतिक प्रतिवेदनमा उल्लेख छ ।

यसले उनी वर्तमान गठबन्धनलाई अस्थायी रूपमा लिइरहेका छन् भन्ने स्पष्ट देखाउँछ । अर्थात, आवश्यक पर्दा कांग्रेससँग गठबन्धन गर्न पनि एकीकृत समाजवादी तयार छ भन्ने सन्देश अध्यक्ष नेपालले आफ्नो राजनीतिक प्रतिवेदनबाट दिएका छन् ।

पार्टी उपाध्यक्ष राजेन्द्र पाण्डे वर्तमान गठबन्धन षड्यन्त्रपूर्वक बनेको र आफूहरु भूलवश सहभागी हुन पुगेको भन्दै आफ्नो पार्टी अस्तित्व रक्षाका लागि नेपाली कांग्रेससँग पनि सहकार्य गर्नुपर्ने निष्कर्षमा पुगेको स्वीकार गरे ।

'यो षड्यन्त्रपूर्वक बनेको गठबन्धन हो, यसमा हामी पनि भुलवश सामेल हुन पुगेका हौं', उपाध्यक्ष पाण्डे भन्छन्, 'अहिले संक्रमणकाल छ । संविधानको र क्षाका लागि हामी उभिनुपर्ने अवस्था छ । कांग्रेसलाई अलग गरेर हामी संविधानको रक्षा गर्न सक्दैनौं ।'

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले संविधान समाप्त पार्नका लागि दुईपटक संसद विघटन गरेको र त्यसको विपक्षमा आफूहरू निरन्तर संघर्षमा रहेको पाण्डे बताउँछन् ।

एकीकृत समाजवादीका अध्यक्ष नेपाल राजनीतिक प्रतिवेदनमा पनि सत्ता सहकार्य गरिरहेको दलहरूसँग भन्दा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेससँग नरम देखिएका छन् । विगतका सरकारको समीक्षामा पनि उनले एमाले अध्यक्ष ओली नेतृत्वको सरकारले संसद विघटन गरेर संविधानविरोधी काम गरेको भनेका छन् भने कांग्रेस सभापति शेरबहादुर देउवा नेतृत्वको सरकार संविधानको रक्षामा उभिएको जिकिर गरेका छन् ।

कांग्रेसबारे नेपालले प्रतिवेदनमा लेखेका छन्, ''प्रजातान्त्रिक समाजवादको वकालत गर्ने र लोकतन्त्र एवं गणतन्त्र प्राप्तिको संघर्षमा सकारात्मक भूमिका निर्वाह गरेको यो पार्टी यथास्थितिमा रमाउने गरेको छ ।'

जबकी एमालेलाई उनले दक्षिणपन्थी अवसरवादी प्रवृत्ति बोकेको कम्युनिस्ट पार्टीको संज्ञा दिएका छन् । उनले प्रतिवेदनमा एमालेबारे लेखेका छन् - 'संविधानको मूल मर्म र भावनामाथि प्रहार गर्न पछि नपरेको यो पार्टी नीति प्रधान नभएर नेता प्रधान हुँदै गएको छ ।'

नेता नेपालले माओवादी केन्द्रलाई नेकपा विभाजनपछि फेरि माओवाद अंगालेको भन्दै सैद्धान्तिक अन्यौलमा फसेको, तर उपलब्धीहरूको रक्षाका लागि प्रतिवद्ध रहेको भनेका छन् । साथै, समाजवादी मोर्चामा पनि आफू सँगै रहेको विषय उनले प्रतिवेदनमा उल्लेख गरेका छन् ।

उनले प्रतिवेदनमा गठबन्धनसँगको सहकार्य बदलिन सक्ने मात्रै भनेका छैनन्, लामो समयदेखि भन्दै आएको कम्युनिस्ट वा वाम एकता पनि तत्कालका लागि सम्भव नरहेको निष्कर्ष पनि निकालेका छन् । छलफलका लागि स्थायी समिति, पोलिटब्यूरो र केन्द्रीय समितिमा पेश हुने ५७ पृष्ठको राजनीतिक प्रतिवेदनमा अध्यक्ष नेपालले नयाँ पार्टी गठन भएयता आफूले गरेको प्रयासबाट एकताको सम्भावना नदेखिएको तर्क दिएका छन् ।

उनले प्रतिवेदनमा लेखेका छन्, ''नेकपा माओवादी केन्द्र र जसपालगायतका पार्टीहरूसँग वार्ता पनि चलाएका थियौं । यस दौरान व्यवहारबाट के स्पष्ट भयो भने अहिले तत्काल कम्युनिस्ट पार्टीहरूबीचको एकता वा वाम एकता सम्भव छैन ।'

त्यसमा पनि रोचक एमालेले स्वीकार गरिनसकेको समाजवादी मोर्चालाई माधवले प्राथमिकता दिएका छन् । कांग्रेससँगको गठबन्धनमा हुँदा माओवादी केन्द्र, एकीकृत समाजवादी, जनता समाजवादी पार्टी नेपाल र संसद बाहिरको नेपाल कम्युनिस्ट पार्टी मिलेर बनेको समाजवादी मोर्चालाई नै सही ढंगले परिचालन गर्न सके परिणाममा ल्याउन सकिने उनको बुझाइ छ ।

'अहिले बनाइएको समाजवादी मोर्चा समाजवादी कार्यदिशा अंगालेको वामपन्थी पार्टीहरूबीचको राजनीतिक संयुक्त मोर्चा हो', माधवले राजनीतिक प्रतिवेदनमा लेखेका छन्, ''मोर्चालाई राम्रोसँग परिचालन गर्न सकियो भने समाजवादी क्रान्तिलाई अगाडि बढाउन केही न केही योगदान पुग्ने छ ।'

नयाँ गठबन्धन बनेसँगै समाजवादी मोर्चा निष्क्रिय अवस्थामा छ । त्यसमा पनि गठबन्धन र मोर्चा दुवैमा रहेको दल जनता समाजवादी पार्टी (जसपा) नेपाल विभाजन मात्रै भएको छैन, सरकारबाट समेत बाहिरिएको छ । कांग्रेससँगको गठबन्धनमा हुँदा बनेको मोर्चालाई नयाँ गठबन्धन बनेपछि एमालेले औचित्यहीन भन्दै सहभागी नहुने बताइरहेको छ ।

यस्तो अवस्थामा एमाले माओवादी गठबन्धन लामो समय नजाने र कांग्रेसले पहल लिएको खण्डमा आफू पुन: प्रधानमन्त्री बन्न सक्ने सम्भावना माधवले देखेका छन् ।

**कांग्रेससँग बाँकी माधवको आशा**

कांग्रेस र माओवादी बीचको गठबन्धन हुँदा एकीकृत समाजवादीका अध्यक्ष नेपाल पनि प्रधानमन्त्री बन्ने भद्र सहमति भएको नेताहरूको दाबी थियो । तर गत २१ फागुनमा प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले गठबन्धन बदलेर एमालेसँग सहकार्य गर्दा नेपालसँग सल्लाह गरेनन् ।

त्यसअघि निर्वाचन सम्पन्न भएलगत्तै ०७९ को १० पुसमा एमालेसँग मिलेर सरकार गठन गर्दा पनि प्रचण्डले माधवलाई यसै गरी एमालेसँग सहकार्य गर्न बाध्य पारेका थिए । त्यसको डेढ महिनापछि २५ फागुनमा राष्ट्रपति निर्वाचन हुनुअघि पनि प्रचण्डले माधवलाई त्यसै गरी कांग्रेससँगको गठबन्धनमा पुऱ्याएका थिए ।

आफूसँग सल्लाह नै नगरी गठबन्धन बदलेको भन्दै प्रचण्डसँग असन्तुष्ट बनेका नेपाललाई पछिल्लो पटक नयाँ गठबन्धनमा ल्याउन प्रधानमन्त्री प्रचण्ड मात्रै होइन एमाले अध्यक्ष केपी शर्मा ओलीले समेत मेहनत गरेका थिए ।

उता कांग्रेसले एमाले-माओवादीसहितको नयाँ गठबन्धनको सरकार बन्न नदिन सक्दो कोशिस गऱ्यो । त्यसका लागि कांग्रेसले माधवलाई नै प्रधानमन्त्री दिनसमेत तयार भएको थियो । त्यति गर्दा पनि कांग्रेसको नेतृत्वमा अर्को गठबन्धन बन्ने र संसदमा बहुमत स्थापित हुने अवस्था नरहेपछि माधव अन्तत: 'सर्तसहित' भन्दै एमाले-माओवादी गठबन्धनमा उभिन बाध्य भए । गठबन्धन बनेको दुई दिनपछि २३ फागुनमा मात्रै माधवले पार्टीबाट निर्णय गराएर भानुभक्त जोशी र धनबहादुर बुढालाई मन्त्रीका रूपमा पठाएका थिए ।

सर्तसहित भने पनि माधवले ती के हुन् भनेर भनेनन् । बरु जतिबेला आवश्यक पर्छ त्यतिबेला आफूलाई समेटेर जानुपर्ने भनेका माधवले कांग्रेससँगको गठबन्धनमा हुँदाजस्तो प्रधानमन्त्री नै बन्ने शर्त भने राखेनन् । तर संघदेखि प्रदेशसम्म उनी निरन्तर फरक मतसहित उभिन पनि छाडेनन् ।

एमाले तयार नहुँदा सुदूर पश्चिममा मुख्यमन्त्री नियुक्त भएको तीन सातासम्म पनि एकीकृत समाजवादीका दीर्घ सोडारीले विश्वासको मत लिन सकेका छैनन् । विश्वासको मत लिने समय घर्किनै लाग्दा पनि एमालेले निर्णय नगर्दा सोडारीले मन्त्रिपरिषद् विस्तार गर्न सकेका छैनन् । यसले माधवलाई वर्तमान गठबन्धनसँग थप चिढ्याएको छ । एकातिर एमालेको असहयोग र अर्कोतिर कांग्रेसको आश्वासनका कारण माधव यतिबेला गठबन्धन बदल्ने मुडमा देखिएका छन् ।

पार्टी उपाध्यक्ष पाण्डे आवश्यक लागेको खण्डमा कुनै पनि निर्णय गर्न आफूहरू स्वतन्त्र रहेको बताउँछन् । 'हाम्रो पार्टी स्वतन्त्र हो । एमाले केन्द्रीय कार्यालय र हामी प्रान्तीय कार्यालय होइनौं', पाण्डे भन्छन्, 'पार्टीको अस्तित्व, नीति, सिद्धान्त र कार्यक्रमको रक्षाका लागि हामी जो कोहीसँग पनि सहकार्य गर्न सक्छौं । सम्झौता गर्न सक्छौं, सँगसँगै हिँड्न सक्छौं ।'

*(स्रोत: अनलाइनखबर)*

# बालेन शाह कान्स फिल्म फेस्टिभलमा सहभागी हुने




काठमाडौं / विश्वकै प्रतिष्ठित मानिने कान्स फिल्म फेस्टिभलमा काठमाडौं महानगर पालिका प्रमुख बालेन शाह सहभागी हुने भएका छन् । मंगलबार अर्थात् मे १४ देखि २५ तारिखसम्म हुन लागेको यो फेस्टिभलको ७७औं संस्करणमा सहभागी हुन मेयर शाह सोमबार साँझ फ्रान्सतर्फ प्रस्थान गरेका छन् । उनीसहित सल्लाहकार कुमार व्यञ्जनकार र पूर्वाधार सल्लाहकार सुनिल लम्साल पनि गएका छन् ।

सन् २०१४ देखि कान्सका मेयर तथा २०२१ देखि फ्रान्सका एसोसिएशन अफ मेयर्सका अध्यक्ष डेविड लिस्नार्डको निमन्त्रणामा मेयर शाहले फेस्टिभलमा सहभागिता जनाउन लागेका हुन् । त्यहाँ उनले तीन दिन विताउने जनाइएको छ । फेस्टिभलको रेडकार्पेट तथा फिल्म प्रिमियरसहित अन्य केही कार्यक्रममा समेत सहभागी हुनेछन् । कान्सका मेयर लिस्नार्डसँग पनि बालेनको भेटवार्ता तय छ ।

मेयर शाहको सम्मानमा कान्सको एक लाइब्रेरीमा रिसेप्सन समेत आयोजना गरिएको छ । त्यहाँ उनले फेस्टिभलका अध्यक्षसँग भेट गर्नेछन् । काठमाडौं महानगर आफैं पनि यस वर्षदेखि फिल्म फेस्टिभल गर्ने तयारीमा छ । यसैले फान्स फेस्टिभलमा मेयर शाहको सहभागितालाई विशेष रुपमा हेरि एको छ । यो फेस्टिभलमा उनी सहभागी हुने भएपछि फिल्मकर्मीहरुले खुसी व्यक्त गरेका छन् ।

यसपटक 'कान्स फेस्टिभल'मा नेपाली फिल्म पनि छानिएको छ । साम्तेन भुटियाको निर्देशनमा तयार भएको फिल्म 'तारा : द लस्ट स्टार' मार्केट स्क्रिनिङका लागि छनोट भएको हो । कान्सको 'मार्चे दु फिल्म' विधामा फिल्म छानिएको जानकारी प्राप्त छ । यसमा श्यामश्री शेर्पा, किरण दाहाल, दियोराज शेर्पा, लुनिभा तुलाधर, शशीकला प्रधान, सुस्मिता भुजेल लगायतले अभिनय गरेका छन् ।

# 'पूर्ण राई एण्ड दाजुभाईहरु' ब्याण्ड पोखरामा गुञ्जने



काठमाडौं / सांगीतिक व्याण्ड 'पूर्ण राई एण्ड दाजुभाईहरु'ले शनिबार पोखरास्थित किङ्स लाउन्जमा प्रस्तुति दिने भएको छ । पोजेटिभ भाइब्स इन्टरनेमेन्ट नेटवर्क (पीभीई)को व्यवस्थापनमा हुन लागेको कार्यक्रममा व्याण्डले आफ्ना गीत पोखरेली दर्शकमाझ सुनाउन लागेको हो ।

सृष्टि श्रेष्ठको व्यवस्थापकीय व्याण्डमा पूर्ण राई भोकलिस्ट, देगोसकुमार राई वशिष्ट, सुमेक योन्जन ड्रमर, सुसन कार्की गिटारिष्ट र इयान थुलुङ राई फ्ल्युटमा छन् ।

देगोस, सुमेक र पूर्ण धरानका हुन् भने सुसन उर्लाबारी र इयान काठमाडौंका हुन् । व्याण्डले नेपाल र भारतका ५० बढी स्थानमा आफ्नो सोलो शो गरिसकेको छ । व्याण्डले चाँडै नै अष्ट्रेलिया टुर पनि गर्दैछ ।

व्याण्डले हालैमात्र 'परिभाषा' बोलको गीत सार्वजनिक गरेको थियो । यो गीत युट्युबको ट्रेन्डिङमा पनि परेको थियो । श्रोताले गीतमा प्रयोग गरिएको शब्द र संगीतको मेलोडीलाई मन पराएका थिए ।

किङ्स लाउन्ज पोखराका प्रबन्ध निर्देशक ध्रुव केसीले पोखरामा व्याण्डको लाइभ प्रस्तुति हुनु पोखरेली दर्शकलाई नयाँ स्वाद भएको बताए ।

# दल विभाजनविरुद्ध उपेन्द्र यादवले दिए सर्वोच्चमा रिट



काठमाडौं / जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले आफ्नो दल विभाजन गरी गएका नेताहरुले गठन गरेको नयाँ पार्टी दर्ता गर्ने निर्वाचन आयोगको निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट दिएका छन् ।

उनले सोमबार निर्वाचन आयोग र जसपा नेपाल छाडेर नयाँ दल गठनमा सहभागी भएका सांसदहरुलाई विपक्षी बनाएर रिट दिएका हुन् । यादवले नयाँ दल दर्ता अवैधानिक रहेको भन्दै दल दर्ता गर्ने निर्वाचन आयोगको निर्णय बदर गर्न अन्तरिम आदेश पनि माग गरेका छन् ।

नयाँ दल दर्ताका लागि राजनीतिक दलसम्बन्धी ऐन र नियमावलीमा केन्द्रीय समिति र संसदीय दलको ४० प्रतिशत सदस्यको समर्थन चाहिनेमा संघीय संसदको ४० प्रतिशत सदस्य पुगे पनि केन्द्रीय समितिका ४० प्रतिशतले नयाँ दललाई समर्थन नगरेको यादवको जिकिर छ ।

'म निवेदक अध्यक्ष रहेको जनता समाजवादी पार्टी नेपालको केन्द्रीय समितिमा कुल ४०६ सदस्य रही रहेको र विपक्षी आयोगले नै सो संख्यालाई मान्यता दिएको अवस्थासमेत रहीरहेको अवस्थामा ४०६ सदस्यको ४० प्रतिशतले हुन आउने सदस्य संख्या अर्थात् १६३ जना केन्द्रीय समितिको अनिवार्य संलग्नता हुनुपर्दछ । जुन नभएको कारणबाट पनि गैरकानुनी रहेको छ', रिटमा भनिएको छ ।

दल विभाजन गर्दा केन्द्रीय दलको संसदको ४० प्रतिशत र केन्द्रीय समितिको ४० प्रतिशत सदस्यको अनिवार्य हस्ताक्षरमा सम्पूर्ण सदस्य निर्वाचन आयोगमा उपस्थित भई दाबी गर्नुपर्ने कानुनी व्यवस्था भए पनि कुनै पनि इकाइ वा निकायको निर्णयबिना ३३ जनाको हस्ताक्षर पेश गरेर दल दर्ताको दाबी गरिएको रिटमा उल्लेख छ । त्यसैले जसपा नेपाल विभाजन गरी जसपा गठनको दाबी प्रथम दष्टिमै खारेज गर्नुपर्ने यादवले दाबी गरेका छन् ।

यादवले जसपा नेपालबाट विभाजन भएपछि गठित पार्टीको नाम जसपा राखिएकामा पनि प्रश्न उठाएका छन् ।

यादवले जनता समाजवादी पार्टी नामक दल दर्ता भएको सूचना राजपत्रमा प्रकाशन गर्ने गरी भएको निर्णय बदर गर्न, नयाँ दल गठन गर्नेहरुको हस्ताक्षर सनाखत प्रक्रिया यथास्थितिमा राख्न र दल विभाजन गरेर जानेहरुलाई संघीय संसदको हैसियतले कुनै पनि काम गर्न नदिन पनि आदेश माग गरिएको छ । यो मुद्दा सर्वोच्च अदालतमा २ जेठमा सुनुवाइ हुनेछ ।

*(स्रोत: अनलाइनखबर)*

# संघीयतापछि प्रदेश र स्थानीय तह पहिलो पटक घाटामा

काठमाडौं / मुलुक संघीयता गएपछि पहिलोपटक प्रदेश र स्थानीय तह दुवै घाटामा गएका छन् । संघीय सरकारको राजस्व संकलन घटेका कारण आर्थिक वर्ष २०७९/८० मा प्रदेश तथा स्थानीय सरकारका लागि उपलब्ध वित्तीय स्रोतमा आएको कमीसँगै प्रदेश र स्थानीय तह घाटामा गएको विश्व बैंकले प्रकाशित गरेको एक प्रतिवेदनले जनाएको छ ।

२०७२ सालमा बनेको नेपालको संविधानले मुलुकलाई संघीय राज्य घोषणा गरेपछि आर्थिक वर्ष २०७३/७४ देखि वित्तीय संघीयता सुरू भएको थियो ।

विश्व बैंकद्वारा सार्वजनिक 'नेपाल वित्तीय संघीयता अध्ययनको दोस्रो संस्करण (२०८१)' ले यस्तो देखाएको हो । गत आव प्रदेश सरकारहरू कुल गार्हस्थ उत्पादन (जीडीपी) को ०.३ प्रतिशत घाटामा गएको उक्त प्रतिवेदनले उल्लेख गरेको छ ।

त्यस्तै स्थानीय सरकार को कुल घाटा जीडीपीको ०.४ प्रतिशत पुगेको प्रतिवेदनले उल्लेख गरेको छ । प्रदेश र स्थानीय सर कारलाई संघीय सरकारले प्रदान गर्ने अनुदान तथा उनीहरू आफैंले संकलन गर्ने राजस्वभन्दा खर्च धेरै भयो भने त्यस्तो अवस्थामा वित्तीय घाटा हुने गर्छ ।

गत आवमा प्रदेशहरूले खर्च बढेका कारण नभई संघीय सरकारबाट कम अनुदान प्राप्त गरेकाले प्रदेश र स्थानीय तह घाटामा गएको प्रतिवेदनले उल्लेख गरेको छ । उक्त वर्ष प्रदेश र स्थानीय तहले कुल जीडीपीको १२ प्रतिशत खर्च गरेका थिए । 'तल्ला तहका दुवै सरकारले त्यसअघिका वर्षमा खर्च नभएको रकम बैंकमा राखेको र त्यसैबाट यो घाटा पूर्ति गरेका छन्,' प्रतिवेदनमा छ ।

प्रदेश र स्थानीय तहअनुसार घाटाको मात्रा फरक भएको पनि प्रतिवेदनले उल्लेख गरेको छ । 'प्रदेशहरूमध्ये सबैभन्दा बढी वित्तीय घाटा सुदूरपश्चिमको छ, सहरी क्षेत्रका स्थानीय तहले बढी वित्तीय घाटा सामना गरिरहेका छन्,' प्रतिवेदनमा छ ।

**कुन प्रदेशको कति घाटा ?**

खासगरी प्रदेशहरूले पाउने अनुदान तथा संकलन गर्ने राजस्व नै घटेको देखिएको छ । आव २०७८/७९ मा प्रदेशहरूले संघबाट प्राप्त हुने अनुदान र संकलन हुने राजस्वसमेत गरी जीडीपीको ४.४ प्रतिशत बराबर स्रोत जुटाएकोमा २०७९/८० मा त्यो ३.५ प्रतिशतमा झरेको थियो ।

त्यसका कारण प्रदेशहरू घाटामा गएको प्रतिवेदनमा उल्लेख छ । 'सबैभन्दा बढी घाटा सदूर पश्चिममा छ, जुन जीडीपीको ०.८ प्रतिशत छ,' विश्व बैंक प्रतिवेदनमा छन, 'मधेश प्रदेश भने अहिलेसम्म घाटामा गएको छैन । गत आवमा पनि मधेश प्रदेश भने जीडीपीको ०.२ प्रतिशत बचतमा नै छ ।'

सदूरपश्चिम प्रदेशले संघीय सरकारबाट पाउने अनुदान तथा राजस्वमा तीव्र गिरावट भएको तथा खर्च पनि अन्यको तुलनामा बढेकाले घाटा बढेको प्रतिवेदनमा छ । कोशी प्रदेशको वित्तीय घाटा उसको जीडीपीको ०.२ प्रतिशत रहेको थियो । यो प्रदेश यसअघि २०७६/७७ मा पनि घाटामा थियो ।

बागमती प्रदेश पनि पहिलो पटक घाटामा गएको छ । २०७९/८० मा बागमतीको वित्तीय घाटा जीडीपीको ०.३ प्रतिशत देखिएको छ । गण्डकी प्रदेशको वित्तीय घाटा पनि जीडीपीको ०.३ प्रतिशत पुगेको छ । यो प्रदेश यसअघि २०७७/७८ मा पनि घाटामा गएको थियो ।

त्यस्तै लुम्बिनी प्रदेशको वित्तीय घाटासमेत जीडीपीको ०.४ प्रतिशत पुगेको छ । यो प्रदेश पनि यसअघि २०७७/७८ मै घाटामा गएको थियो । उता, कर्णाली प्रदेश जीडीपीको ०.५ प्रतिशत घाटामा गएको प्रतिवेदनले उल्लेख गरेको छ । यसअघि २०७७/७८ मा पनि यो प्रदेश घाटामा गएको थियो ।

प्रदेशले स्थानीय तहबाट विनियोजन गरिएको बजेटमध्ये कुल खर्चको दर निकै कम भए पनि घाटा भएको देखिएको छ । गत आवमा प्रदेशहरूले विनियोजन गरेको बजेटको ३४ प्रतिशत खर्च भएको छैन भने स्थानीय तहका हकमा खर्च नभएको बजेटको हिस्सा २४.४ प्रतिशत रहेको प्रतिवेदनमा छ ।

**महानगर र उपमहानगर वित्तीय सन्तुलन, नगरपालिका र गाउँपालिका घाटामा**

प्रतिवेदनले महानगर, उपमहानगर र नगरपालिका र गाउँपालिका गरी चार वर्गमा स्थानीय तहलाई वर्गीकरण गर्दै तथ्यांक विश्लेषण गरेको छ । यी वर्गमध्ये महानगरपालिका र उपमहानगर हरूको आम्दानी र खर्च करिब समान भएपछि शून्य प्रतिशत वित्तीय सन्तुलनमा रहेको देखिएको छ ।

तर, नगरपालिकाहरू ०.२ प्रतिशत वित्तीय घाटामा छन् भने गाउँपालिकाहरू पनि ०.१८ प्रतिशत घाटामा छन् । यस्तो अवस्थामा समग्रमा स्थानीय तहको वित्तीय घाटा ०.४ प्रतिशत पुगेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# साग हालेर बेच्न राखिएको पानीपुरी हो 'पूजार सार्की' : लेखक सुवेदी



काठमाडौं / पत्रकारिता हुँदै म्यूजिक भिडियो निर्देशनमा स्थापित विकास सुवेदीको यतिबेला बाटो मोडिएको छ । उनी निर्देशन छाडेर फिल्मको कथा लेख्न रमाइर हेका छन् । फिल्म 'प्रकाश'बाट लेखनमा आफूलाई प्रमाणित गरेका उनको दोस्रो फिल्म 'पूजार सार्की' आगामी जेठ १० गतेबाट प्रदर्शनमा आउने तयारीमा छ । यसमा उनले जातीय विभेदविरुद्ध लड्ने तीन पात्रको संघर्षको कथा भनेका छन् ।

फिल्मले गम्भीर विषय उठाएको भए पनि यसलाई विकास बजारमा बिक्री भइरहेको पानीपुरीको संज्ञा दिन्छन् । तर, त्यसभित्र साग राखिएको उनको जिकिर छ । उनी भन्छन्, 'यो बजारलाई हेरेर बनाइएको फिल्म हो । बजारमा पानीपुरी बिक्री भइरहेको छ भने हामीले पनि पानीपुरी बनाएका छौं । तर, के प्रयास गरेका छौं भने पानीपुरीमा साग हालेका छौं । आवरणमा भने यो पानीपुरी हो ।'

बजारमा पानीपुरी बिक्री भइरहेको छ भने आफूले साग मात्र बेच्न राख्दा बिक्री नहुने विकासको प्रष्ट बुझाई छ । यसैले पानीपुरीभित्र साग हालेर बेच्ने प्रयास गरिएको उनी तर्क गर्छन् । उनी अगाडि भन्छन्, 'बजारमा पानीपुरी बेचिरहेको मैले देखिरहेको छु भने मैले साग मात्र कराईमा लिएर बसेँ भने त्यो बिक्री हुँदैन । तर, अरु पानीपुरी र यो पानीपुरीमा फरक के छ भने यसभित्र साग पनि छ ।'

फिल्मको ट्रेलर सार्वजनिक भएपछि धेरैले फिल्मका पात्रहरु दुःखी देखिएको टिप्पणी गरि रहेका छन् । तर, फिल्मका पात्रहरु दुःखी नभएको विकास दाबी गर्छन् । 'ती पात्रहरु बिहान-बेलुका ढिँडो खान पाइनँ भनेर रोइरहेका छैनन् । जसोतसो ढिँडो खान पुगेकै छ । जीवनमा संघर्ष त कसको हुन्न ? तर, उनीहरुको जीवन दुःखी चाहिँ छैन । यसैले फिल्म हेर्दा पूर्ण मनोरञ्जन पाइन्छ,' उनले भने ।

'पूजार सार्की' दर्शकको नाडी छामेर बनाइएको फिल्म हो भन्ने विकासलाई लाग्छ । र, फिल्ममा सबै समुदायको साझा कथा रहेको उनले बताए । एकातिर दलित समुदायले वर्षौंदेखि उठाइरहेको मुद्दालाई प्रस्तुत गरिएको र अर्कोतिर छुताछूतलाई प्रशय दिएको भनेर गाली खाइरहेको दुवै तप्काको कथा फिल्ममा रहेको उनको जिकिर छ । यसैले सबै समुदायले फिल्म हेर्नुपर्ने उनको मत छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# बागमतीमा आर्थिक अपराधका घटना वृद्धि

साझाकुरा संवाददाता

हेटौंडा, ३१ वैशाख/ बागमती प्रदेशका मकवानपुरसहित १० जिल्लामा (उपत्यका बाहेक) पछिल्लो समय आर्थिक अपराधका घटनामा वृद्धि भएको छ ।

बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाको तथ्यांकले संगठित तथा आर्थिक अपराध सम्बन्धित घटना बढेको देखाएको छ । प्रदेशको तीन वर्षको तथ्यांकले बैंकिङ कसुर र वित्तीय अपराधका घटना उल्लेख्य रुपमा वृद्धि भएको देखाएको हो । संगठित तथा आर्थिक अपराध सम्बन्धित घटना आर्थिक वर्ष २०७८/७९ मा ५६३ भएकोमा आव २०७९/८० मा बृद्धि भइ ९०४ पुगेको थियो भने चालु आर्थिक बर्ष २०८०/८१ को साउनदेखि चैत मसान्तसम्म ९६० पुगेको छ ।



पछिल्लो तीन आवको तथ्यांक हेर्दा चालु आवको चैतसम्म आपराधिक घट्ना बढेको तथ्यांकले देखाएको हो । चालु आवको चैतसम्म ज्यान सम्बन्धित ६९५, आत्महत्या सम्बन्धित ७१३, चोरी सम्बन्धित २००, सामाजिक अपराध सम्बन्धित ५९६, सवारी सम्बन्धित २३३ र अन्य ३३७ अपराधसँग सम्बन्धित घटना घटेका छन् ।

प्रहरीको तथ्यांकअनुसार मुद्दा दर्ता तथा अपराधमा बढोत्तरी भएको छ । आव २०७८/७९ को अनुपातमा २०७९/८० मा ६.२२ प्रतिशतले मुद्दा दर्ता वृद्धि भएको तथ्यांक छ । आव २०७८/७९ मा चार हजार ४०५ मुद्दा दर्ता भएकोमा आव २०७९/८० मा बढेर चार हजार ६७९ पुगेको थियो भने चालु आवको चैत मसान्तसम्म तीन हजार ७३४ मुद्दा दर्ता भएको छ ।

चालु आवको चैत मसान्तसम्म २८७ लागूऔषध, ३६ कर्तव्य ज्यान, २०४ जबरजस्ती करणी, ६ मानव बेचबिखन तथा ओसारपसार, ५ अपहरण तथा शरीर बन्धक, २ डाँका र अन्य २० अपराधका घटना भएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । त्यस्तै महिला तथा बालबालिका विरुद्धको अपराध पनि बढ्दै गएको छ । चालु आवको चैत मसान्तसम्म २०४ वटा जबर जस्ती करणी, ३० बहुविवाह, ३७ जबरजस्ती करणी उद्योग, ६ वटा मानव बेचबिखन तथा ओसारपसार र २ वटा बालविवाहसँग सम्बन्धित अपराधका घटना भएका छन् ।

# जनप्रियमा खानेपानीको गुणस्तर परीक्षण

साझाकुरा संवाददाता

हेटौंडा, ३१ वैशाख/ हेटौंडा-१६ हटियास्थित जनप्रिय माविका बालबालिकालाई स्वच्छ पिउने पानी उपलब्ध गराउनका लागि पानीको गुणस्तर परीक्षण गरिएको छ ।

सामुदायिक महिला विकास केन्द्रद्वारा आयोजित खानेपानी गुणस्तर परीक्षण तथा चेतनामूलक कार्यक्रममा प्रमुखअतिथि नेपाली कांग्रेसका सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डीना' ले बालबालिकालाई सवच्छ पिउने पानी उपलब्ध गराउन सके सिकाई प्रक्रिया प्रभावकारी हुने बताइन् । पानीकै कारणले धेरै रोग लाग्न सक्ने भन्दै सहमहामन्त्री उपाध्यायले स्वस्थ्य बालबालिकाको सिक्न सक्ने क्षमता उच्च हुने बताइन् ।

कार्यक्रमका विशिष्ट अतिथि वाडाध्यक्ष रामकृष्ण कोइरालाले बालबालिकालाई पिउनका लागि उपलब्ध हुने पानी शुद्ध हुन जरुरी रहेको बताए । वडा कार्यालयले नागरिकका लागि पिउने पानीमा शुद्धता कायम गर्ने पहल जारी राखेको कोइरालाले जानकारी दिए । कार्यक्रममा जनप्रिय माध्यमिक विद्यालयका प्रधानाध्यापक भुपेन्द्र चौलागाईं, नेपाली कांग्रेसका नेता आनन्दराम पराजुली, खानेपानी कार्यालयबाट प्रशिक्षक माधव तिमल्सिना, सामुदायिक महिला विकास केन्द्रकी संयोजक उषा घिमिरे पौडेलको आतिथ्यता रहेको थियो ।

संस्थाकी सचिव निलम देबकोटा बजगाईंको सभाध्यक्षमा भएको कार्यक्रममा प्रदुषित खानेपानीको कारणले मानिसलाई धेरै प्रकारका रागले आक्रमण गर्न सक्ने भएकोले खानेपानीमा बढी ध्यान दिनुपर्ने सहभागीहरुले बताएका थिए

# जनकल्याणमा नवप्रवर्तन सम्बन्धी अभिमूखीकरण

साझाकुरा संवाददाता

हेटौंडा, ३१ वैशाख/ थाहा नगरपालिका-३ मा रहेको जनकल्याण माध्यमिक विद्यालयमा नवीनतम खोज, अविष्कार तथा नवप्रवर्तनसम्बन्धी विद्यालयस्तरीय अभिमूखीकरण भएको छ ।

बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयअन्तर्गत युवा वैज्ञानिक प्रोत्साहन कोष ललितपुरको आयोजनामा कार्यक्रम भएको हो । यस किसिमको कार्यक्रम बागमती प्रदेशमै पहिलोपटक विद्यालयस्तरमा भएको हो । कार्यक्रममा मत्स्यनारायण मावि, जनकल्याण मावि र झम्केश्वरी माविमा कक्षा ९ र १० मा अध्यनरत विज्ञानका विद्यार्थी तथा शिक्षकको उपस्थिति रहेको थियो । सहभागीलाई डाक्टर गिरीराज त्रिपाठीले सहजीकरण गरेका थिए ।

जनकल्याण माविका विद्यालय व्यवस्थापन समिति अध्यक्ष राजिवकुमार स्याङ्तानको अध्यक्षता तथा युवा बैज्ञानिक कोषको अध्यक्ष तथा सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक सानोभाइ कार्की, वडा नम्बर ३ का अध्यक्ष हिरेन्द्र रायमाझी, सामाजिक विकास मन्त्रालयका गोपालप्रसाद कंडेल, थाहानगर शिक्षाशाखाप्रमुख माधव विक्रम मल्ललगायत युवा बैज्ञानिकहरुको उपस्थिति रहेको थियो ।

# हेटौंडा र मनहरीमा कांग्रेसको अगुवा कार्यकर्ता भेला

साझाकुरा संवाददाता

हेटौंडा, ३१ वैशाख/ नेपाली कांग्रेस मनहरी गाउँपालिकाको २ वटा वडा र हेटौंडा-१९ बस्तिपुरमा सोमबार अगुवा कार्यकर्ता भेला तथा छलफल भएको छ ।

कांग्रेस मनहरी गाउँपालिकाको वडा १ को चकरी भोल्टाडी, ३ नम्बरको सिद्धकाली र हेटौंडा उपमहानगरपालिका-१९ को सान्नानीटारमा नेपाली कांग्रेस बागमती प्रदेशसभापति एवम् प्रदेश सभा सदस्य इन्द्रबहादुर बानियाँको उपस्थितिमा अगुवा कार्यकर्ता भेला तथा स्थानीय समस्याको बारेमा छलफल गरिएको हो ।

भेलामा नेता बानियाँले पार्टी र जनप्रतिनिधिबीचको सम्बन्ध, स्थानीयस्तरमा रहेका विद्यमान समस्या, नगर तथा गाउँपालिकाले बनाउने बजेट, पार्टीको अहिलेको अवस्था बारेमा अगुवा कार्यकर्ता, जनप्रतिनिधि र वडा सभापतिसँग छलफल गरेका थिए । प्रदेशसभा सदस्य बानियाँले जनप्रतिनिधि,



पालिका र वडा सभापतिहरुले स्थानीय जनताको आवश्यकता र औचित्यको आधारमा व्यापक छलफल गरेर शिक्षा, स्वास्थ्य र विकास निर्माणलाई प्रमुखताका साथ ध्यान दिएर बजेट निर्माण गर्न निर्देशन दिए ।

नेता बानियाँले विकासका कार्यमा स्थानीय समस्या समाधानको लागि स्थानीय सरकारले गर्न नसकेका कार्यमा पालिका प्रमुखसँग समन्वय गरेर प्रदेश र संघीय सरकारबाट आफू यही क्षेत्रको जनप्रतिनिधि भएकाले विशेष पहल गर्ने प्रतिवद्धता व्यक्त गर्दै अगुवा कार्यकर्ता र जनप्रतिनिधिले उठाएका समस्या, जिज्ञासा र पार्टीको आगामी रणनीतिबारे प्रकाश पारेका थिए ।

कार्यक्रममा कांग्रेस मकवानपुर प्रतिनिधिसभा २ ख का क्षेत्रीयसभापति रञ्जन कालाखेती, महासमिति सदस्यद्वय राजेश भेटवाल र जनकराज उप्रेती, मनहरी गाउँपालिका सभापति प्रकाश बर्तौला, मनहरी-१ का सभापति मनोहरी उप्रेती, ३ का सभापति रमेश पुरी, हेटौंडा-१९ का सभापति विष्णुलाल स्याङतान, स्थानीय नेताहरु सानुकाजी लुईटेल, शिवप्रसाद खनाल, अनन्त अर्यालगायतले धारणा राखेका थिए ।

# विद्यार्थीलाई साइकल वितरण

साझाकुरा संवाददाता

हेटौंडा, ३१ वैशाख/ मकवानपुरको बकैया गाउँपालिका-१ स्थित सरस्वती माध्यमिक विद्यालयका विद्यार्थीलाई साइकल वितरण गरिएको छ । वडा कार्यालयले आफ्नो वार्षिक कार्यक्रमअन्तर्गत साइकल वितरण गरेको हो ।

तीन किलोमिटर टाढाबाट पैदलयात्रा गरी विद्यालय आउने विद्यार्थीलाई विद्यालयमा आवतजावत गर्न सहज वातावरण सिर्जना गर्ने उद्देश्यले साइकल वितरण गरिएको वडाध्यक्ष आशिष तितुङले जानकारी दिए । भौगोलिक दुरी र साइकल चल्ने बाटो भएको आधारमा वडा कार्यालयले विद्यार्थी छनोट गरेको हो । साइकल नजाने टाढाका विद्यार्थीलाई वडाले विद्यालय आसपास होस्टलको व्यवस्था गर्ने



योजना रहेको अध्यक्ष तितुङले बताए ।

वडाको एकमात्र माध्यमिक विद्यालयमा कक्षा ६ देखि १० मा अध्ययन गर्ने ५५ जना विद्यार्थीलाई साइकल हस्तान्तरण गरिएको विद्यालयका प्रधानाध्यापक सुकदेव अधिकारीले बताए । विद्यार्थीको नियमित उपस्थितिका लागि टाढाका विद्यार्थीलाई साइकल वितरण प्रभावकारी भएकोले यो कार्यक्रमको लागि वडा कार्यालयलाई प्रधानाध्यापक अधिकारीले धन्यवाद दिए ।

साइकल वितरण कार्यक्रममा प्रमुखअतिथि बकैया गाउँपालिका उपाध्यक्ष भक्तबहादुर खत्रीले पालिकाले विपन्न र सुविधाबाट वञ्चित जनसमुदायलाई प्राथमिकता दिएको बताए । कोहीपनि बालबालिका विद्यालयबाट बाहिर हुन नपरोस् भनेर गाउँपालिकाले विभिन्न कार्यक्रम ल्याएको भन्दै उनले विद्यार्थीलाई मिहेनत गरी अध्ययन गर्न आग्रह गरे ।

## विपन्न नागरिक एवं आकस्मिक उपचारका लागि
## निःशुल्क रक्तसञ्चार सेवा सम्बन्धी सूचना

बागमती प्रदेशमा स्थायी बसोबास गर्ने आर्थिक रुपले विपन्न व्यक्ति र आकस्मिक रुपमा तत्काल उपचारको आवश्यकता भएको व्यक्तिलाई आवश्यक पर्ने रगत, रक्त तत्वमा प्रयोग हुने ब्लड ब्याग र रक्त परीक्षण निःशुल्क रुपमा उपलब्ध गराईएकाले रक्तसञ्चार सेवा प्रदान गर्ने संस्थाहरुबाट यो सेवा लिनुहुन सम्पूर्णमा जानकारी गराइन्छ ।

बागमती प्रदेश सरकार
**स्वास्थ्य मन्त्रालय**
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल

## मकवानपुर उद्योग वाणिज्य संघको
## घरधनीहरुलाई घरभाडा सम्बन्धमा अनुरोध

देशमा व्याप्त आर्थिक मन्दीको चपेटाले उद्योगी/व्यवसायी तथा सर्वसाधारण नागरिक सबैलाई प्रताडित बनाइरहेको हालको असहज परिस्थिति सबैलाई अवगत नै छ । व्यवसायीहरुले घर धनीलाई नियमित भाडा बुझाउनसमेत चुनौती झैं भएको परिप्रेक्षमा घरधनीहरुले भाडा बढाउने, व्यवसायीलाई हटाउन खोज्ने जस्ता गुनासाहरु बारम्बार यस संघमा आइरहेको अवस्था छ ।

यस संघ उद्योगी/व्यवसायी, सर्वसाधारण तथा घरधनीहरुको सुरक्षाको पक्षमा सधै क्रियाशील रहिआएको छ । तसर्थ आर्थिक मन्दीको कारण जटिलतामा जेलिएका उद्योगी/व्यवसायीहरुलाई थप विक्षिप्त बनाउने गरी भाडा बढाउने जस्ता कार्य घरधनीहरुले नगरी यो जटिल परिस्थितिमा उद्योगी/व्यवसायीहरुलाई सघाउन हुन हार्दिक अनुरोध गर्दछौं ।

**मकवानपुर उद्योग वाणिज्य संघ**
हेटौंडा, मकवानपुर

## शिक्षक आवश्यकता

*प्रकाशित मिति : २०८१/०१/३०*

उपरोक्त सम्बन्धमा शिक्षा विकास महाशाखा हेटौंडा उपमहानगरपालिकाको मिति २०८१/०१/२६ को प्राप्त पदपूर्ति अनुमति पत्र र विद्यालय व्वस्थपन समितिको मिति २०८१/०१/२९ को बैठकको निर्णय अनुसार यस विद्यालयलाई तपशिल बमोजिमको शिक्षकहरु आवश्यक परेकोले उक्त पदपूर्तिको लागि योग्य इच्छुक नेपाली नागरिकबाट तेस्रो पटक पुनः दरखास्त आह्वानका लागि यो विज्ञापन प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | तह/पद | प्रकार | विषय | संख्या | अध्ययन विषय |
|---|---|---|---|---|---|---|
| १ | ००३/०८०/०८१ | नि.मा.वि. | राहत | अंग्रेजी | १ | अंग्रेजी |

३. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
४. शैक्षिक योग्यता: सम्बन्धित विषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण ।
५. परीक्षाको किसिम : लिखित, अन्तरवार्ता (संशोधित नयाँ पाठ्यक्रअनुसार)
६. तलब भत्ता : नेपाल सरकारको राहत कोटाको लागि ताकिएको बमोजिम
७. दरखास्त दस्तुर : नगद रु १,५००।- (एक हजार पाँच सय मात्र) निवेदन साथ
८. दरखास्त दिने अन्तिम दिन : २०८१/०२/१४ गते विद्यालय समय भित्र
९. दरखास्त दिने स्थान: विद्यालयको प्रशासनिक कक्ष
१०.सम्पर्क मिति : २०८१/०२/१४ गते अपरान्ह ४:०० बजेपछि
११. परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराइनेछ
११. आवश्यक कागजातहरु:
क) नेपाली/अंग्रेजी माध्यममा हस्तलिखित निवेदन १ थान
ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि २ थान
ग) SLC/SEE देखि माथिको शैक्षिक योग्यता र चारित्रिक प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपि २/२ थान
घ) निम्न माध्यमिक तहको अध्यापन अनुमतिपत्रको प्रतिलिपि २ थान

नोट: क. शिक्षक सेवा आयोगबाट लिएको पछिल्लो परीक्षाको करार सूचीमा भएका उम्मेदवारहरुले विज्ञापन भएको मितिले ७ दिनभित्रमा निवेदन दर्ता गर्नुपर्नेछ ।
ख. माथिल्लो योग्यता भएको, ICT मा दक्ष भएको एवम् अनुभवी व्यक्तिलाई विशेष ग्राह्यता दिइनेछ ।

**श्री बाल उज्ज्वल माध्यमिक विद्यालय**
हेउमनपा-३, लेवट, मकवानपुर
**सम्पर्क नं.:** ९८५५०७०९४४ (प्र.अ.), ९८५५०७४३१५ (वि.व्य.स. अध्यक्ष) ९८४५२९४७५२ (वडा प्रतिनिधि)

## सूचना ! सूचना ! सूचना !



यस संस्थाको पूर्ण स्वामित्वमा रहेको गोसाईकुण्ड आयल डि.प्रा.लि.मा कार्यरत कर्मचारी श्री सञ्जय तिवारी ज्यूले संस्थाको नगद उपचलन गरी सम्पर्क विहिन भएकोले यो सूचना प्रकाशित भएको ७ दिनभित्र कार्यालयमा उपस्थित भई बुझबुझारत गरिदिनुहुन यो सूचना जारी गरिएको छ, अन्यथा यसै सूचनालाई आधार मानी संस्था कानूनी बाटोमा जान बाध्य हुनेछ ।

किरण पौडेल (अध्यक्ष)
**यातायात व्यवसायी उपभोक्ता सहकारी संस्था लि.**
हेटौंडा-१०, मकवानपुर

## शिक्षक आवश्यकता

*प्रकाशित मिति : २०८१/०१/३१*

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, शिक्षा युवा तथा खेलकुद शाखाको च.न. ९५८ मिति २०८१/०१/३० गतेको प्राप्त पत्र एवम् विद्यालय व्यवस्थापन समिततिको मिति २०८१/०१/३१ गतेको निर्णयानुसार सैंीय सरकार, माध्यमिक तह, शिक्षण सिकाइ अनुदान कोटामा रिक्त रहेको अंग्रेजी र विज्ञान विषय शिक्षक पदपूर्तिका लागि अनुमति प्राप्त भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूलाई आजको मितिबाट लागू हुने गरी १५ दिनको म्याद राखी विज्ञापन प्रकाशिन गरिएको छ ।

| विज्ञापन नम्बर | विषय |
|---|---|
| विज्ञापन नं. १/२०८१ | अंग्रेजी |
| विज्ञापन नं. २/२०८१ | विज्ञान |

२. पद : शिक्षक मा.वि. तृतीय श्रेणी (करार)
३. विषय : अंग्रेजी-१ जना, र विज्ञान-१ जना
४. दरबन्दीको किसिम: संघीय सरकार, शिक्षण सिकाइ अनुदान कोटा (करार)
५. शैक्षिक योग्यता: अंग्रेजी र विज्ञान विषयमा मूल विषय लिई स्नातक वा सो सरह उत्तीर्ण गरेको
६. उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
७ तलब भत्ता : संघीय सरकारले तोकेबमोजिम
८. आवेदन दस्तुर : रू.१,०००/- (अक्षेरेपी रूपैयाँ एक हजार मात्र)
९. आवश्यक कागजातहरू :
- हस्तलिखित निवेदन
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि - १ प्रति
- शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपि - १/१ प्रति
- स्थायी अध्यापन प्रमाणपत्रको प्रतिलिपि - १ प्रति
- निरोगिताको प्रमाणपत्र

१०. निवेदन दिने अन्तिम मिति : २०८१/०२/१४ गतेसम्म (कार्यालयको समयभित्र )
११. सम्पर्क मिति : २०८१/०२/१५
१२. परीक्षा मिति : सम्पर्क मितिको दिन तोकिने छ ।
१३. परीक्षा किसिम : शिक्षक सेवा आयोगले तोकेबमोजिम हुने छ ।

नोट: विज्ञापन प्रकाशन भएको मितिबाट सात दिनभित्र शिक्षक सेवा आयोगले प्रकाशित गरिएको मा.वि. तह, अंग्रेजी र गणित विषयको करार सूचीको उम्मेदवारको दस्तुरसहितको निवेदन दिएको खण्डमा अन्य उमेद्वारको दस्तुरसहित निवेदन फिर्ता हुने छ । म्याद नाघि आएको र रित नपुगि आएको निवेदन उपर कुनै सुनुवाइ तथा कारबाही हुने छैन ।

**श्री सीता माध्यमिक विद्यालय**
मनहरी गा.पा.-२, भुन्द्रुङ्टाँडी, मकवानपुर
सम्पर्क नं.: (प्र.अ. ९८५५०७१९०५, वि.व्य.स अध्यक्ष ९८४८३७७२३५)

## हेटौंडामै उत्पादित
# सुदिन ड्राइमिट






**Ready To Eat**

## हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

# सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना